म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११४ बुधबार, २४ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 10 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालअधिकारको रक्षा गरौं ।**

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालवालिकाको अधिकार हो,
- बालअधिकारको रक्षा गरौं,
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं, घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं,
- बालअधिकारप्रति संवेदनशील बनौ,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।
- बालअधिकार सुनिश्चित गरौं, उज्ज्वल भविष्यको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा अन्तरक्रिया:

# न्यूनीकरणमा सबैको सामूहिक प्रयास जरुरी

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा मंगलबार हेटौंडामा अन्तरक्रिया भएको छ । बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आयोजना एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडास्थित कार्यालयको समन्वयमा अन्तरक्रिया भएको हो ।

कार्यक्रममा मुख्यमन्त्री कार्यालयका सचिव बाबुराम गौतम र अख्तियार हेटौंडाका कार्यालयप्रमुख रामकृष्ण पुडासैनीले कार्यपत्र प्रस्तुत गरेका थिए । तीनवटै तहमा भइरहेका भ्रष्टाचारका प्रवृद्धि, अब सचेत हुनुपर्ने विषय, चालु आर्थिक वर्षमा परेका उजुरीलगायत विषय कार्यपत्रमा प्रस्तुत गरिएको थियो । मुख्यमन्त्री कार्यालयका सचिव गौतमले सूचना प्रविधिको तीव्रतर विकाससँगै भ्रष्टाचारको स्वरुप बदलिँदै गएको बताए । भ्रष्टाचारले समाजको हरेकक्षेत्रमा असर गरिरहेको उनको भनाई छ ।

सचिव गौतमले भ्रष्टाचार न्यूनीकरणमा संघ, प्रदेश र स्थानीय सरकारको सामूहिक प्रतिबद्धता आवश्यक रहेको बताए । पारदर्शीता, नैतिकता र जवाफदेहिता सरकारको हरेक कदममा आवश्यक रहेको उनले उल्लेख गरे । सचिव गौतमले बागमती प्रदेश सरकारको सुशासन प्रतिको प्रतिबद्धता अझ जरुरी रहेको धारणा राखे । सोहीअनुसार नै नीति, कार्यक्रम र बजेट निर्माण गर्नुपर्ने उनको भनाई छ । अख्तियारका कार्यालयप्रमुख पुडासैनीले सुशासन प्रवर्द्धनको लागि सार्वजनिक सेवाप्रवाहमा चुस्तता र सहजता ल्याउनुपर्ने बताए ।



शासकीय संरचना र कानुनमा समयानुकूल सुधार गर्नुपर्नेमा उनले जोड दिए । योजना तर्जुमा, बजेट विनियोजन तथा आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्ने उनले बताए । भ्रष्टाचार न्यूनीकरणको लागि सार्वजनिक खरिद व्यवस्थामा सुधार गर्नुपर्ने बताउँदै प्रमुख पुडासैनीले यथार्थपरक विश्लेषण र औचित्यको आधारमा सूचना प्रविधि प्रणालीको छनोट गर्नुपर्नेमा जोड दिए । उनले आयोगको पाँचौ रणनीतिक योजना कार्यान्वयन रहेको जानकारी दिए । जसअनुसार निरोधात्मक रणनीति, प्रवर्द्धनात्मक रणनीति, उपचारात्मक रणनीति र संस्थागत क्षमता विकास रणनीतिमार्फत भ्रष्टाचार न्यूनीकरणको प्रयास भइरहेको उनले बताए ।

अन्तरक्रियामा प्रदेश सरकारका प्रमुखसचिव बाबुराम अधिकारीले भ्रष्टाचारलाई पूर्णरुपमा निर्मुल पार्न नसकिए पनि न्यूनीकरण गर्न सबैको सामूहिक प्रयास जरुरी रहेको बताए । अख्तियारमा परेका उजुरी, अदालतमा रहेका मुद्दाहरुबाट भ्रष्टाचार न्यूनीकरणको प्रयास पर्याप्त नदेखिएको उनको भनाई छ । समाजमा भएका सबै अनियमितता अख्तियारमा पुग्न नसकेको उनको धारणा छ । उनले अख्तियारले अनुसन्धान गर्ने प्रक्रियामा सुधार गरी तथ्यपरक र यथार्थपरक बनाउनुपर्ने बताए । प्रमुखसचिव अधिकारीले भ्रष्टाचार गर्ने अवसर धेरै हुँदा भ्रष्टाचार बढेको बताए । सरकारको नीति, कार्यक्रम, कानुन भ्रष्टाचार गर्ने अवसरलाई नै बन्दगर्नेतर्फ केन्द्रित हुनुपर्ने उनको भनाई छ ।

प्रमुखसचिव अधिकारीले नेपाली समाजले अब भ्रष्टाचारलाई नस्वीकार्ने बताए । पछिल्ला घटनाक्रमबाट भ्रष्टाचार गर्नेहरु कानुनी दायरा ढिलो चाँडो आउने पुष्टि भएको उनको भनाई छ । प्रमुखसचिव अधिकारीले भ्रष्टाचार हुने क्षेत्रलाई पहिचान गरी कार्यविधि र नियम बनाएरै न्यूनीकरण गर्ने बताए । उनले लाइसेन्स र यातायातसँग सम्बिन्धत कार्यालयमा विचौलियाको अन्त्य गर्न प्रदेश सरकार कठोररुपमा लागेको बताए । ती क्षेत्रमा सुधार गरेमा मात्र प्रदेश सरकारलाई हेर्ने दृष्ट्रिकोण पनि सकारात्मक हुने उनको बुझाई छ ।

अन्तरक्रियामा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईलगायतले अहिले भइरहेको भ्रष्टाचारको अवस्था र अब न्यूनीकरण गर्न सकिने उपायका विषयमा धारणा राखेका थिए । कार्यक्रममा प्रदेशका मन्त्रालयका सचिवहरु, निर्देशनालय, जिल्लास्तरका कार्यालयप्रमुखहरु लगायतको सहभागिता रहेको थियो । आयोगको ३५ औं वार्षिक प्रतिवेदनका नुसार बागमती प्रदेशमा उजुरीको समग्र संख्या ११ हजार २ सय २७ रहेको छ । अन्य प्रदेशमा स्थानीय तहविरुद्ध बढी उजुरी परेको भएपनि बागमतीमा भने संघीय सरकार र पदाधिकारी सम्बन्धी धेरै उजुरी परेको छ ।

यसवर्षको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवसको नारा, 'युवासँग एक भएर भ्रष्टाचार विरुद्ध लडौं: भोलिको इमान्दार समाज निर्माण गरौं' भन्ने रहेको छ । यसले निष्पक्ष, पारदर्शी समाज निर्माणमा युवाको महत्वपूर्ण भूमिकालाई प्रकाश पार्छ । राष्ट्रसंघले सन् २००३ मा भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेपछि विश्वभर डिसेम्बर ९ तारिखलाई भ्रष्टाचारविरुद्धको दिवस मनाउन थालिएको हो । नेपालले सन् २०११ मा महासन्धिलाई अनुमोदन गरेको थियो । भ्रष्टाचार अन्त्यका लागि यो दिवस मनाइने गरिन्छ । तर, हरेकवर्ष यो दिवस मनाउने गरिए पनि भ्रष्टाचारको अन्त्य भने हुन सकेको छैन, बरु झन मौलाउँदै जानु चिन्ताको विषय बनेको छ ।

# निजीक्षेत्रसँग सहकार्य गर्न प्रदेश सरकार तयार: मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले निर्धारित समयमै चुनाव सम्पन्न गरेर गैरदलीय सरकार विदा हुनुपर्ने बताएका छन् ।

मुलुक राजनीतिक दलको नेतृत्वमा अघि बढ्नुपर्ने भन्दै उनले राजनीतिक दललाई लामो समय बाहिर राखेर मुलुकमा स्थिरता ल्याउन नसकिने बताए । सिन्धुली उद्योग वाणिज्य संघको ३५ औं साधारणसभाको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले भने, 'मुलुकको संघीय सरकार लामो समयसम्म जनप्रतिनिधिविहीन हुनुहुँदैन । समयमै निर्वाचन गराएर गैरदलीय सरकार बाहिरिनु पर्छ । जनप्रतिनिधि मूलक सरकार नहुँदा के अवस्था हुने रहेछ भन्ने हेटौंडाका व्यवसायीले भर्खरै भोग्नु परेको उनले चर्चा गरे ।

'जनताका प्रतिनिधिको सरकार नहुँदा हेटौंडाका व्यवसायी माथि प्रहार भयो । यसअघि पनि पटकपटक सडक भत्काउने प्रयास भएको थियो । जनप्रतिनिधिमूलक सरकार लखेटेर नागरिकको नाममा गठन भएको सरकारले समाधानको बाटो नखोजी के गऱ्यो सबैले देखेकै छौं' उनले भने । प्रदेश सरकार गरिब किसान, विपन्न नागरिकलाई केन्द्रमा राखेर अघि बढिरहेको बताउँदै उनले शिक्षालाई प्राविधिक सीप दिएर मुलुकमै रोजगार सिर्जना गराउन प्रयासरत रहेको बताए । प्रदेश सरकार निजीक्षेत्रसँग मिलेर काम गर्न तयार रहेको बताउँदै मुख्यमन्त्री बानियाँले आगामी बजेट निर्माणको काम सुरु हुनु अघि नै प्रस्ताव ल्याउन निजीक्षेत्रलाई आग्रह गरे ।

विघटित प्रतिनिधिसभा कांग्रेस मुख्यसचेतक श्याम घिमिरेले धारा ७६ बाहेक अन्य कुनै पनि धाराले प्रधानमन्त्री बन्न नसक्ने बताए । वर्तमान सरकार संवैधानिक रहेको भन्दै उनले संविधानको उल्लेखसमेत नगरी गरिएको प्रतिनिधिसभा विघटन पनि असंवैधानिक रहेको बताए । मुलुकमा व्यावसायिक वातावरण निर्माण हुन नसकेको भन्दै उनले प्रदेश व्यवसायीमैत्री वातावरण निर्माण गर्न प्रदेश सरकारलाई आग्रह गरे । विघटित प्रतिनिधिसभाका सांसद तथा नेपाली कम्युनिष्ट पार्टीका नेता राजन दाहालले दल कमजोर बनाएर मुलुकलाई द्वन्द्वमा होम्ने षडयन्त्र चलिरहेको बताए ।

'नेपाललाई युक्रेनजस्तो अवस्थामा पुऱ्याउन जिलेन्स्कीको खोजी भइरहेको छ । समाजमा द्वन्द्व भित्र्याउन प्रयास भइरहेको छ,' उनले भने, 'मुलुकमा शान्तिसुरक्षाको अवस्था कमजोर छ । हतियार र अपराधी बाहिर राखेर कस्तो निर्वाचन होला ?' उनले जेनजी आन्दोलनपछि व्यावसायिक वातावरण थप बिथोलिएको भन्दै बाह्यलगानी भित्र्याउन पनि नयाँ परिस्थिति निर्माण आउनुपर्ने बताए । उनले जेनजी समेतको सहमतिमा संविधान संशोधन गर्दै प्रत्यक्ष निर्वाचित कार्यकारीको निर्वाचनमा जानुपर्ने बताए ।

विघटित प्रतिनिधिसभाकी सांसद तथा कांग्रेस सचेतक सुशीला थिङले सरकार असंवैधानिक रहेको बताइन् । उनले संसद् भङ्ग गर्नुपनि असंवैधानिक भएको भन्दै त्यसैकारण संसद् पुन:स्थापना हुनुपर्छ भनेर आफूहरु अदालत गएको बताइन् । 'समाजमा भाइरल प्रवृत्ति छ, त्यसले समाजलाई ठीक ठाउँमा पुऱ्याउँदैन' उनले भनिन्, 'समाज र मुलुक थप दुर्घटनामा जान सक्छ । जसले जे काम गर्ने हो, त्यसले त्यही नगर्दा अहिले समस्या आएको हो ।'

# चेपाङ विद्यार्थीले बनाएको नेपाली स्याटेलाइट प्रक्षेपण हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ अन्तरिक्ष प्रतिष्ठान नेपालले विकास गरेको नानो स्याटेलाइट 'स्लिपर्स टु स्याट' बुधबार बिहान चीनबाट अन्तरिक्षतर्फ प्रक्षेपण गरिने भएको छ ।

नेपाली समयअनुसार बुधबार बिहान ८:४५ बजेदेखि ११:०० बजेभित्र यो स्याटेलाइट चिनियाँ रकेट 'काइनेटिका-१' मार्फत् प्रक्षेपण गरिनेछ । यो स्याटलाइटको प्रक्षेपण तयारी पूरा भइसकेको परियोजनाका प्रोजेक्ट म्यानेजर ऋषभ अधिकारीले जानकारी दिए । गत असोजमा अधिकारीसहित चार सदस्यीय टोली बेइजिङ पुगेर स्याटेलाइटको अन्तिम गुणस्तर परीक्षण, रकेटसँग एकीकरण र वातावरणीय अनुकूलता जाँचको काम सम्पन्न गरेको थियो । आइतबार नै स्याटेलाइटलाई रकेटमा पूर्णरुपमा एकीकृत (इन्टिग्रेट) गरिसकिएको छ ।

एक किलो २० ग्राम तौलको यो ट्युब आकारको नानो स्याटेलाइटमा दुईवटा उच्चक्षमताका क्यामेरा जडान गरिएको छ । यी क्यामेराले नेपालको वनस्पति आवरण र जलस्रोतको वास्तविक समयको तस्वीर तथा डेटा संकलन गर्नेछन् । स्याटेलाइटको अर्को महत्वपूर्ण विशेषता भनेको भूकम्पको पूर्वसूचना प्रणाली हो ।

भूकम्प आउनुअघि उत्पन्न हुने सूक्ष्म इलेक्ट्रोम्याग्नेटिक तरङ्गहरु मापन गरी पूर्वसूचना दिने प्रविधि यसमा समावेश गरिएको प्रोजेक्ट म्यानेजर अधिकारीले बताए । स्याटेलाइटमा विद्युतीय चुम्बकीय प्रणाली (इलेक्ट्रोम्याग्नेट) जडान गरिएको छ, जसले पृथ्वीबाटै स्याटेलाइटको गति रोक्न र कक्ष परिवर्तन गर्न सम्भव बनाउँछ ।

मूल योजनाअनुसार यो स्याटेलाइट कम्तिमा ५ वर्षसम्म सञ्चालनमा रहने अपेक्षा गरिएको थियो । तर, हाल सूर्यको २५औं सौर्यचक्र (सोलार साइकल) आफ्नो उच्चतमबिन्दु (सोलार म्याक्सिमम) मा पुगेकाले सौर्यविकिरणको तीव्रता अत्यधिक रहने अनुमान छ । यसले स्याटेलाइटको कक्षीय आयु (अर्बाइटल लाइफटाइम) छोट्याउने जोखिम रहेकोले अब कम्तिमा डेढ वर्षसम्म मात्र सञ्चालन हुने प्रक्षेपण टोलीको छ । यो परियोजना एमेच्योर रेडियो डिजिटल कम्युनिकेसनको प्राविधिक सहयोगमा सम्पन्न भएको हो । परियोजनामा चितवनका चेपाङ समुदायका बालबालिकालाई पनि संलग्न गराइएको थियो ।

स्याटेलाइटबाट प्रसारित सबै डेटा विश्वभरका वैध एमेच्योर रेडियो फ्रिक्वेन्सी लाइसेन्सधारी व्यक्ति तथा संस्थाले नि:शुल्क प्राप्त गर्न र उपयोग गर्न सक्नेछन् । 'स्लिपर्स टु स्याट' नेपालबाट निजीक्षेत्रको समन्वयमा बनाइएको तेस्रो स्याटेलाइट हो ।

# संस्कृतिविद टण्डनद्वारा क्लबलाई पुस्तक सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ संस्कृतिविद डा. गोविन्द टण्डनले हेटौंडा-६ चौघडामा रहेको नवजीवन ज्योति क्लवलाई विभिन्न विधाका २ सय ६ थान पुस्तक सहयोग गरेका छन् ।

क्लवका आजीवन सदस्य समेत रहेका डा. टण्डनले क्लवका अध्यक्ष राजकुमार बास्तोलालाई क्लवमा पुस्तक हस्तान्तरण गराएका हुन् । क्लवका पूर्वअध्यक्ष विजयकुमार श्रेष्ठ, गणेशकुमार श्रेष्ठ, श्रीराम पुडासैनी, शिक्षाविद् बद्रीबहादुर पाठक, क्लवका पदाधिकारी, सल्लाहकार, स्थानीयलगायतको उपस्थिति रहेको थियो ।

२०५८ सालको राष्ट्रिय वातावरण पुरस्कार प्राप्त गरेको क्लवले हाल विभिन्न सरकारी निकायको सहयोगबाट चौघडामा ३ तले भवन निर्माण गरेको छ । क्लबले पुस्तकालय सञ्चालन, सामाजिक कार्य, खेलकुद, सांस्कृतिक कार्यक्रम, वातावरण संरक्षणलगायत क्षेत्रमा काम गर्दै आएको छ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

| पद | आवश्यक संख्या |
| --- | --- |
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विकासको ढोका खुल्दै

हेटौंडाको बजार क्षेत्रमा सडक बिस्तार गर्न भइरहेको सकस अन्त्य हुँदै गर्दा सम्भावनाको ढोका खुल्दै गएको छ । निराशाबीच आशाको सुरुवात भएको छ । पूर्वपश्चिम रेलवे बिस्तारको सम्भाव्यता अध्ययन भइरहेको छ । काठमाडौं-हेटौंडा-निजगढ द्रुतमार्ग (फास्टट्र्याक) निर्माणकार्यले गति लिएको छ । काठमाडौंदेखि हेटौंडासम्म पोडवे यातायात सञ्चालनका निम्ति लगानी बोर्डले सम्भाव्यता अध्ययन गर्न अनुमति दिएको छ । लगानी बोर्ड बैठकले पहिलोचरणमा काठमाडौंदेखि हेटौंडासम्म पोडवेको सम्भाव्यता अध्ययन गर्न दिने निर्णय गरेको थियो । बैठकमा काठमाडौंदेखि हेटौंडा हुँदै वीरगञ्जसम्म ९७ किलोमिटर लामो पोडवे यातायात सञ्चालन गर्न लगानी बोर्डमा प्रस्ताव गरिएको थियो । यसको लागि ७१ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । लगानी बोर्डकाअनुसार काठमाडौं पोडवे कम्पनी प्रालिले प्रारम्भिक प्रस्ताव पेस गरेको थियो । कम्पनीका सञ्चालकले पोडवेको सम्भावना र लगानीबारे बोर्डमा विस्तृत प्रस्तुति दिएका छन् । कम्पनीले हेटौंडादेखि काठमाडौंसम्म पुरानो रोपवेको लाइन प्रयोग गर्ने र हेटौंडा-वीरगन्ज खण्डमा नयाँमार्ग निर्माण गर्ने योजना प्रस्तुत गरेको छ ।

प्रारम्भिक अध्ययन अनुसार पोडवेको सम्भाव्यता मूल्यांकन गर्न करिब दुईवर्ष लाग्ने बताइएको छ । सरकारले पनि चालु आर्थिक वर्षको बजेटमार्फत पोडवे जस्ता वैकल्पिक यातायात प्रविधि विकास गर्ने नीति अघि सारेको थियो । पोडवे तारमा आधारित उन्नत यातायात प्रविधि हो । यो केबलकारको विकसित स्वरुप हो । यसलाई रेलको पछिल्लो र अत्याधुनिक संरचनाका रुपमा लिइन्छ । सार्वजनिक यातायातका क्षेत्रमा विकास गरिएको नयाँ प्रविधिका रुपमा यसलाई लिइएको छ । हाल यूएई र बेलारुसले पोडवे सञ्चालन गरिरहेका छन् । भारतमा पनि सञ्चालनका क्रममा छ । विद्युतको प्रयोग गरी यो सञ्चालन गर्न सकिने भएकाले पेट्रोलियमपदार्थको आयातमा वार्षिकरुपमा खर्च हुने ठूलो विदेशी मुद्रा जोगिनेछ । मेट्रोरेलको जस्तै सुविधा दिने पोडवेको गति प्रतिघण्टा १५० किलोमिटरबराबर हुने जनाइएको छ । भारतमा सञ्चालित रेलको गति १०० किलोमिटर प्रतिघण्टा छ । पोडवे सञ्चालनका निम्ति छुट्टै ट्र्याक आवश्यक पर्छ । स्वचालित प्रविधिमा आधारित भएकाले पनि यसका निम्ति छुट्टै मार्ग निर्माण गर्नुपर्ने हुन्छ । यात्रु चढाउन र ओराल्न आकाशे पुलजस्तै संरचना तयार गर्नुपर्छ । केबलकारमा जस्तै पोडवे स्टेसनमा रोक्ने तथा झर्ने समयमा स्वचालित सुविधा हुन्छ । एउटा पोडमा ४२ यात्रुले यात्रा गर्न सक्छन् । एक घण्टाको समयमा ५० हजार जनाले आवतजावत गर्न सक्ने यसको क्षमता हुने अनुमान गरिएको छ । यसबाट समयको बचत हुने र बिजुलीबाट चल्ने भएकाले वातावरण संरक्षणमा योगदान पुग्ने छ । सरकारले २०८० मंसिर ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पोडवे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन गर्ने उल्लेख गरेको थियो । लुम्बिनी विकास कोषले २०८० मंसिर २५ गते काठमाडौं पोडवेसँग विस्तृत परि योजना प्रतिवेदन (डीपीआर) यथाशीघ्र पेस गर्न आग्रह गरेको थियो ।

लामो अध्ययनपछि विश्वमा सन् २०२० मा मात्र यो प्रविधिले मान्यता पाएको हो । यसबाट एकपटकमा ४८ टनसम्म सामान ढुवानी गर्न सकिन्छ । केबलकार निर्माण लागतको ५० प्रतिशत, मेट्रोरेलको चार र मोनोरेलको २० प्रतिशतमा पोडवे बनाउन सकिन्छ । १०० किलोमिटर पोडवे निर्माणमा करिब ४० अर्ब रुपैयाँबराबर खर्च हुने अनुमान गरिएको छ । राणा प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं १९८२ मा मकवानपुरको भीमफेदी नजिकको धोर्सिङबाट मातातीर्थसम्मको २२ किलोमिटरमा रोप-वे लाइन निर्माण गराएका थिए । सोही रोप-वेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गरेको थियो । यो रोप-वेलाई जुद्धशम्शेरले हेटौंडादेखि धोर्सिङसम्म र टेकुस्थित भन्सारसम्म विस्तार गरेका थिए र त्यसपछि यसको लम्बाई ४२ किलोमिटर हुन पुग्यो । वि.सं २०११ को बाढीले धोर्सिङको पावरहाउसमा क्षती पुगेसँगै यो बन्द हुन पुगेको थियो । त्यसपछि सरकारले पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा यो रोप-वे विस्तारको योजना बनाएको थियो । अमेरिकाको रिब्लेट ट्रामवे कम्पनीको सहयोगमा वि.सं २०१६ सालबाट ६४ लाख अमेरिकी डलरमा यसको विस्तारकार्य थालिएको थियो । वि.सं २०५४ सालमा रोपवे पूर्णरुपमा बन्द भयो । वि.सं २०५९ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा मन्त्रिपरिषद्बाट रोप-वेको खारेजीको निर्णय भएको थियो ।

# सुशासनको आधार सही आजीविका



✍ शिशिल चित्रकार

देशमा सुशासन, भ्रष्टाचारमुक्त र स्वच्छ व्यवस्थाको माग भइरहेको निकै समय व्यतीत भइसक्यो भने यसको उत्कर्षको रुपमा गत भदौको आन्दोलनलाई लिन सकिन्छ । सुशासन-सुशासन भनेर फलाक्दैमा सुशासन त पक्कै आउँदैन । यो प्राप्त गर्न आधारभूत आवश्यकताहरु, मानवीय, सामाजिक ढाँचागत पद्धति र संरचनागत व्यवस्थाहरुको ठोष भूमिकालाई बिर्सन सकिँदैन । अझ भन्नुपर्दा सुशासन र भ्रष्टाचारमुक्त समाज परिकल्पनाले मात्र पूर्ण हुने होइन, साथै यसको कुनै जादुको छडी र मन्त्र पनि हुँदैन ।

आज मुलुकमा सुशासन र भ्रष्टाचार मुक्त अवस्थाको माग भएको छ भन्नुको अर्थ समाजमा कुशासन, भ्रष्टाचार व्याप्त भएकोमा कुनै शंका छैन । कुशासन, भ्रष्टाचार बढेको हो भने यसको कारण के हो ? यसको निराकरणको उपाय खोज्नु नै बुद्धिमानी हुन्छ । यो कुशासन र भ्रष्टाचार बढ्नुमा कतै हाम्रो समाजको प्रचलित विधि, व्यवहार र परम्पराकै गलत अभ्यास, शिक्षा, दर्शनको त भूमिका छैन ? यसतर्फ पनि ठूलो बहसको जरुरी ठान्छु । केही दशकदेखि भइरहेको राजनीतिक उतारचढाव, शासन हेर फेर, सत्ताच्यूत आदि अनि नातावाद, कृपावाद आदिको विरोधको परिणाम नै यही हो । तर पनि भ्रष्टाचार, अनीति, बेथिति, कुरीति, कुसंगति, नातावाद र कृपावादको जालबाट मुक्त हुन सकिएन । यसरी पुन: त्यही प्रवृत्तिको लागि आन्दोलन हुनुपर्ने अवस्था आउनुमा समाजको परम्परा, संस्कृति, सोचाइ तथा प्रवृत्ति नै गलत हुनेमा मलजल गराउने कारक तत्व भइरहेको मान्न सकिन्छ । यदि यो हो भने यसको निराकरणको बाटो खोज्नुको साटो खालि सत्ता परिवर्तन, शासक परिवर्तन मात्रले गन्तव्य हासिल नहुने स्वतसिद्ध नै भइसकेको छ ।

यसमा हाम्रो मानवीय सनातन सोचको नै खोजीनीति, अनुसन्धानको जरुरत ठान्छु । आजकल सनातन शब्दले एउटा सम्प्रदायको पुरानो परम्परा, प्रचलन आदिलाई देखाउने गरेको छ, जुन निकै फिका महसुस हुन्छ । प्रज्ञा प्रतिष्ठानको नेपाली संक्षिप्त शब्दकोष (२०४०) मा सनातनको परिभाषाबमोजिम धेरै अघिदेखि चलेर आएको, अनादि, प्राचीन, नाश नहुने, शाश्वत, अनादि कालदेखि चलिआएको कुरो आदि लेखिएको छ । सनातन शब्दले एउटा सम्प्रदायको पुरानो परम्परा, प्रचलन आदिलाई देखाउने गरेको छ, जुन निकै फिका महसुस हुन्छ । सनातन शब्द कुनै वर्ग, क्षेत्र, सम्प्रदायसँग मात्र सीमिति हुन सक्दैन । यदि यस्तो हो भने सनातन शब्दको महत्ता, गरिमा घटाएको नै ठहरिन्छ । बुद्धशिक्षामा सनातन धर्म (सन्तनो)- वैरल वैरभाव मेटिन सक्दैन भनी व्यक्तिको चित्तको कार्यलाई इंगित गरेको छ । कुनै परम्परा, संस्कृतिलाई सनातन धर्म भन्नुभन्दा वास्तविक सनातन, चाहे जनुसुकै भागको, जुनसुकै सम्प्रदाय वा परम्परा वा जेसुकै भाषाभाषी, जातजाति, वर्ण, लिंग सबै मानवजातिको सोचाइ, व्यवहारभन्दा पुरानो अरु के हुन सक्छ ?

सनातन (कुनै धर्म सम्प्रदायलाई इंगित गर्न खोजेका होइन) को परिभाषालाई मनन गर्ने हो भने, मानवजातिको अभ्युदयदेखि नै लोभ, द्वेष, ईर्ष्या, घात-प्रतिघात, स्वार्थ आदि नकारात्मक बानीहरु तथा त्याग, क्षमा, सहनशील आदिका गुणहरु पनि त सनातन नै हुन् । अब यसमा कुन तत्व बढी हाबी भयो, कुनको कमी भयो, व्यक्तिहरुको क्षमता, इच्छा, संगत, पढाइ, दैनिक जीवन व्यवहारमा भर पर्ने नै हुन् ।

मानव इतिहास नै यस्तै वैरभाव, एक-आपसी अन्तरद्वन्द्व तथा परिवर्तनको लागि परिवर्तनको चाहना जुन कि रागजन्य क्रियाकलाप सिवाय अरु केही भएन । खालि माग, चाहना, कामना परिपूर्तिको लागि मात्र पटक-पटक भएको आन्दोलनले जनधनको क्षति, पीडामाथि पीडा बढाउने कार्यहरुसिवाय अरु केही भएन । भ्रष्टाचार मुक्त हुनु, सुशासनको लागि चाहिने आधारभूत तत्वहरु- व्यक्तिहरुको आचरण, अनुशासनजन्य अन्तरसम्बन्धी क्रियाकलापहरुको महत्व नकार्दै गएका नै वर्तमान अवस्थाको द्योतक मान्न सकिन्छ ।

देशमा हाल देखा परेको परिवर्तन, द्वेष आदिको शृंखलाले पक्कै पनि कुनै समुदाय, व्यक्तिहरुलाई छणिक लाभ, फाइदा भए पनि दिगो लाभ, शान्तिको बाटो अंगालेको अनुभूति हुँदैन । यसै गरी यहाँनिर अर्को दुई शब्द र तीनका अर्थहरु पनि सम्झिनु प्रासंगिक हुनेछ । प्रज्ञा प्रतिष्ठानको नेपाली संक्षिप्त शब्दकोष (२०४०) मा दिएको प्रमादको परिभाषाबमोजिम, अकर्तव्यलाई कर्तव्य र कर्तव्यलाई अकर्तव्य ठानेर गरिएको काम बुझिन्छ भने भूल, भ्रम, चुक र विशेषणको रुपमा प्रमादी हुन्छ तथा अप्रमाद भन्नाले प्रमादरहित, सावधान हुनु भन्ने अर्थ देखाएको छ । यस अर्थमा आज समाज, विश्वमा घटेका विभिन्न घटनाहरु यस्तै प्रमादको कारणले भएका हुन् भने व्यक्तिहरु प्रमादी भइरहेको तथ्य छर्लंग हुन्छ ।

अत: व्यक्ति स्वंयको कल्याण र त्यसमार्फत समाज अनि देशको विकासको लागि प्रमादी हुने कार्यहरुको पहिचान र त्यसको निराकरण हेतु अप्रमाद हरदम सावधान र सचेत हुने सत् प्रयास नै आजको खाँचो हो ।

गत भदौको युवावर्गको आन्दोलन होस् वा करिब चार-पाँच दशकअघिको विभिन्न क्रान्ति, प्रतिक्रान्ति जे जस्तो नाम दिए पनि आखिरमा कुनै पनि परिवर्तन स्थायी हुँदैन तथा आम जनताको द्वेष बदला, तृष्णाहरुको लहर बढाउने कारक मात्र बनेको देखिन्छ । हालको आन्दोलन वा अहिलेको सुशासन, भ्रष्टाचारको विरुद्ध भए पनि आखिरमा सबैको नारा-घोषणाहरु गलत त थिएनन् नै, तर परिणाम गलत आएबाटै पुन: पुन: आन्दोलनको मारमा समाज परिरहेको यथार्थ नै हो । आखिरमा सबैले राम्रोका लागि गरेको तर परिणाम गलत भएको के कुन कारणले हो भन्नेतर्फ अझै पनि विश्लेशणको सर्वथा अभाव नै महसुस हुन्छ । आज समाजको निकै विकराल अवस्थालाई कुनै लालसा, द्वन्द्व, अन्तरद्वन्द्व, वैर भाव, हुलदंगा, आक्रमण, प्रत्याक्रमण, आरोप-प्रत्यारोपले समाधानको बाटो देखाउन सक्दैन, बरु झन्-झन् उल्टो परिणामतर्फ अग्रसर हुने मात्र हुन्छ ।

आजकल दल, प्रशासन सुधारका कुरा त यत्रतत्र सुन्न-पढ्न पाइरहेको अवस्था छ । यहाँ दल वा प्रशासन सुधारको कुरा मात्र भयो, तर दल वा प्रशासन चलाउनेदेखि आम नागरिकको के कस्तो कमजोरी हो र कस्तो सुधार आवश्यक हो भन्नेतर्फ नै विशेष अध्ययन-अनुसन्धानको खाँचो देखिन्छ । सही आजीविकाको विरुद्ध आजको मिथ्या आजीविकाको बोलवाला हुनु नै भ्रष्टाचार वृद्धिको कारक तत्व होइन र ? आज मिथ्या आजीविकाको रुपमा कैयौं उदाहरण देख्न सकिन्छ ।

जस्तै- दाहोरा लाभ, समय पावन्दी नहुनु, आवश्यक योजनाको पहिचानमा कमी र अनावश्यक योजनामा बालुवामा पानीसरह लगानी, सेवाग्राहीप्रति मैत्रीभाव नहुनु, झुट, चाकडीरुपी गलत कार्य वा शारीरिक-मानसिकरुपमा गलत कार्य गरी जीविका चलाउनुपर्ने बाध्यता त आखिरमा सही आजीविका नभई मिथ्या आजीविका नै हो । व्यक्तिहरुको मिथ्या दृष्टिकोण, सही आजीविकालाई तिलाञ्जलि दिनुपर्ने सामाजिक परिवेश, प्रथा आदिको पर्खाल भत्काउन आज ठूलो संकल्प, इच्छा, धैर्यको जरुरी छ । यो जरुरत केवल शब्द, व्याख्यान, भाषण, लेखन, चर्चा-परिचर्चाबाट आउने होइन । यसको लागि पुस्ताहरुको त्याग, लगनशीलता, अर्को पुस्ताहरुलाई बाटो देखाउने पथप्रदर्शकमै निर्भर हुन्छ ।

यो सबै परिवेशमा देशको संविधानमा भएका केही प्रसंग चर्चा गर्नु उचित ठान्छु । संविधानको भाग ४ धारा ५१(ख) ४ मा राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिमा उल्लेख भएको 'सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टारमुक्त, जनउत्तर दायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा-सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने' मननीय छ । तर यो पूरा गर्नका लागि चाहिने आधारभूत सबल जनता, सही आजीविकाको मार्गमा लाग्ने वातावरणको कार्यान्वयन पक्ष पनि विचारणीय छ ।

यसै गरी विकाससम्बन्धी नीतिअन्तर्गत ५१(च) ४ मा उल्लेख भएको विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने सवालमा पनि विशेष ध्यान आकर्षण गर्नु सान्दर्भिक छ । देशमा कति आजोजना छन्, कतिको उत्पादक भयो, कति प्रत्युपात्दक र अनुत्पादक भए ? कति आयोजना जनसरोकार सँग सम्बन्धित तथा जनताको दु:ख हटाउन सहयोग भए वा कति आयोजनाले जनताको बस्ती उजाडी जनतामा भय र त्राशको वातावरण सृजना गऱ्यो ? कति जनता थप पीडामाथि पीडामा बाँच्च बाध्य भए ? यस अर्थमा यहाँ प्रश्न उठ्नु स्वाभाविक छ । व्यक्तिको सही आजीविकाको कुरा त एकतर्फ रह्यो, राज्यको आयोजना पनि मिथ्या आजीविका, मित्थ्या कार्यले भ्रष्टाचार र कुशासनमा मलजलको कार्य त गरेन ?

यी यावत् कुराको अन्तरविरोधलाई पनि मिथ्या आजीविका वा सही आजीविका नभएको रुपमा मान्न सक्ने अवस्था छ । यो मिथ्या आजीविकाको अवस्था घटाउन सकेमा भ्रष्टाचार र सुशासनको आधारशिला तयार हुन्छ । देशमा देखा परेको भ्रष्टाचारको कहाली लाग्दो अवस्था नै सही आजीविका नभएको प्रमाण हो भने सही आजीविका, सही कर्म गर्ने उदाहरणीय जनमतको उत्पादनविना सुशासनका परिकल्पना खालि परिकल्पनामै सीमित हुने महसुस हुन्छ । यहाँनिर बिर्सन नहुने कुरा हो- अनुशासन, सुशासन घरपरिवारदेखि शुरु हुन्छ, न कि राज्य व्यवस्थामा मात्र ।

आज सबै वर्ग, जात, वर्णले आ-आफ्ना समुदाय, व्यक्तिहरुका कमी-कमजोरीहरुमा चनाखो एवं सचेत भई, त्यसलाई क्रमश: निर्मलीकरणको साथ सही कार्यको पहिचान गरी, त्यसलाई संवर्द्धन, प्रवर्द्धन गर्ने सत् प्रयास नै व्यक्ति र समाजको हकहितको उपाय हुन्छ ।

आज देशमा सुशासनको माग गर्नुपर्ने अवस्था आउनु निकै विडम्बनापूर्ण स्थिति मान्न सकिन्छ । अझ यसको विकल्पको रुपमा चुनाव वा सत्ता परिवर्तनलाई मात्र साधनको रुपमा लिने प्रवृत्तिमा रमाउनु कतिको सान्दर्भिक होला ? व्यक्तिगत लोभ, द्वेष छाडेर सही आजीविकालाई हृदयङ्गम गरी त्यसतर्फ उत्प्रेरित शिक्षा र व्यवहार गर्ने सत् प्रयास छैन भने पुन: यस्तै माग र रागको घनचक्करमा अल्झिनुबाहेक अरु केही हुँदैन । सुशासन र भ्रष्टाचारमुक्त समाजको लागि सही आजीविका अवलम्बनको विकल्प अरु हुन सक्दैन । अत: सही आजीविका सहितको जिन्दगी जिउने उपाय नै आज चयन हुन आवश्यक छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# एमालेको डिपस्टेट र द ग्याङ अफ गुण्डु इल्याबोरेटेड

✍ झलक सुवेदी

**परिभाषा**

डिपस्टेट राजनीतिशास्त्रको निकै कान्छो शब्द हो । यसको प्रचलन सन् १९९० पछि मात्र शुरु भएको हो । देखिने शासकभन्दा नदेखिने तर राज्यका नीतिलाई प्रभावित गर्ने शक्तिकेन्द्र या व्यक्तिहरूको भूमिकाका सन्दर्भमा यसको प्रयोग हुन्छ । सामान्यत: डिपस्टेट भनेर अनिर्वाचित या जनता र संसद्प्रति उत्तरदायी हुनु नपर्ने तर राज्य र सरकारका नीति र दैनिक निर्णयहरूलाई प्रभावित गर्ने समूह, नेता, उपल्लो तहका नोकर शाह, व्यापारी, सैन्य तथा सुरक्षा अधिकारी, न्यायाधीश र धर्मगुरुहरू समेतको अदृश्य समूहलाई चिनिन्छ । पञ्चायतकालमा सूर्यबहादुर थापाले भन्ने गरेको भूमिगत गिरोहलाई पनि डिपस्टेटको रूपमा बुझ्न सकिन्छ । यो परिभाषालाई नेतृत्वमा रहेका केही प्रभावशाली व्यक्तिहरूसँग भिडाएर यहाँ एमालेको डिपस्टेटको चर्चा गरिनेछ ।

**धन्यवाद**

विषय प्रवेश गर्नु पहिले म कमरेड महेश बस्नेतलाई धन्यवाद दिन चाहन्छु जसले कमरेड केपी शर्मा ओली र उहाँकी धर्मपत्नी कमरेड राधिका शाक्यका लागि वृद्धाश्रम (ओली कुटी) बनाउन पहल गरेका छन् । वृद्धावस्थामा घर छाडेर काशी या देवघाटतिर गएर कुटी या धर्मशालामा बस्ने चलन आर्य हिन्दु परम्पराका खासगरी ब्राह्मण, क्षत्री, महात्मा र योगी संन्यासी पुरुष र महिलाहरूमा रहँदै आएको छ । कमरेड ओलीले आफ्नो यौवनावस्थाका १४ वर्ष कठोर यातना सहित बन्दीका रूपमा बिताए । तीन वर्ष भूमिगत जीवन र त्यसपछि सदावहार राज्य सञ्चालनका क्षेत्रमा रहेर मेकियावेलियन/शकुनि (उनी पारिवारिक वैयक्तिक जीवनशैलीका दृष्टिमा वान्नावी एरिष्टोक्र्याट र राजनीति तथा संगठनको कार्यव्यापारका दृष्टिले दासयुगीन पुरा कथाका पात्र शकुनि र सामन्तीयुगको सन्ध्याकालका कूटनीतिज्ञ तथा लेखक मेकियावेलीका अनुयायी जस्ता लाग्छन्) चाल चलेर देश सेवा गरे ।

अहिले संन्यासी सरह (संन्यासभित्र एउटा भेद छ भोग संन्यासको) भएका छन् । कमरेड राधिकाले युवावस्थामा तत्कालीन माले निर्माणमा र पछि देशको केन्द्रीय बैंकको अधिकृतका रूपमा आफ्नो उमेर देश सेवामा लगाएकी हुन् । अहिले आफ्ना व्यस्त तर दीर्घरोगी पतिको सेवामा समर्पित छिन् । उहाँहरूले आफ्नो वृद्धावस्था सम्मानजनक रूपमा, आफूले आर्जन गरेका ज्ञान-गुनका कुरा नयाँ पुस्तासँग शेयर गर्दै शान्तिपूर्वक बिताउन पाउनुपर्छ । उहाँले अब पार्टी र सरकारका दैनिक कार्यबाट विश्राम लिएर कुटीमा बस्ने बेला भएको भन्ने सन्देश त उहाँहरूका पुत्रसमान कमरेड महेशले यो कुटी बनाएर दिएकै छन् । मेरो शुभकामना यो छ कि आगामी महाधिवेशनमा प्रतिनिधि बनेर आउने देशभरका कमरेडहरू, विशेषत: कमरेड ओलीका छोराछोरीहरूले उहाँलाई अध्यक्षबाट विदा गरेर ससम्मान विश्राम गर्ने अवसर दिनेछन् । कमरेड महेशले जे गरे त्यसका लागि उनलाई हार्दिक धन्यवाद !

**स्पष्टीकरण**

अघिल्लो लेखमा मैले एमालेभित्र नीति निर्णय र शक्ति अभ्यासमा निर्णायक भूमिकामा रहेको समूहलाई लक्षित गर्दै ग्याङ अफ गुण्डुको चर्चा गरेको थिएँ । कतिपयले यसलाई सिधै महेश बस्नेतसँग मिसाएर बुझेछन् जसले यसको वास्तविक अर्थ बंग्याउँछ । त्यसपछि केही पाठकहरूले यसबारे विस्तारमा बताए हुन्थ्यो भनेर चासो राखेकोले यहाँ थप चर्चा गर्न लागिएको हो । म बबुरो लेखनजीवीले यस्तो शक्तिशाली ग्याङबारे लेखेर जोखिम उठाउनु व्यावहारिक जीवनमा खासै काम नलाग्ने मूर्खता हो भन्ने मलाई थाहा छ । तैपनि पाठकहरूसँग जोडिएको आफ्नो रोजीरोटी गुमाउन मन लागेन । यति स्पष्टीकरणपछि चाहिँ विषय प्रवेश गरौं ।

**ग्याङ अफ फाइभ**

मलाई लाग्छ कमरेड ओलीको नेतृत्वमा नेकपा एमालेले लिएको विचार अनुदारवाद हो । मार्क्सवादबाट यो धेरै पर गइसकेको छ । जबजलाई यसको सारबाट अलग्याइएको छ । मदन भण्डारी समेत अब निकै परबाट चियाउन विवश छन् । एमालेको वैचारिक धार पुरातनवादी दक्षिणपन्थ अर्थात् कन्जर्भेटिजमतिर ढल्केको छ । कमरेड ओलीबाट पशुपतिमा अर्पित जलाहारी, ठोरीमा निर्माण गर्दै गरिएका राम, पुरा कथाका पात्र र सन्दर्भहरूलाई विश्वसनीय रूपमा इतिहासका पात्र झैं पार्टी दस्तावेजमै गरिने चित्रण र नेपाललाई ऋषिमुनिहरूको तपोभूमिका रूपमा गरिएको अपुष्ट व्याख्याले उनलाई समकालीन विश्वले निर्माण गरेका ज्ञान, विज्ञान र दर्शनसँग रुचि छैन भन्ने जनाउँछ । उनका परिभाषित व्याख्यानहरू ऐतिहासिक भौतिकवादका अवधारणा विरुद्ध सुनिन्छन् ।

समाजलाई उनी परम्परा र नैतिकताको पाठ पढाउनमा रुचि राख्छन् । संस्कृति, मान्छे-मान्छे बीचका सम्बन्ध र विचारधारा उत्पादन सम्बन्धकै विस्तारित रूप हुन् भन्ने मान्दैनन् । उत्पादन पद्धतिमा आएको परिवर्तन, नयाँ प्रविधिले ल्याएका नयाँ संस्कृति र वर्चस्वशाली वर्गले निर्माण गर्ने भाष्यले समाजको विचारधारालाई निर्देशित र नियन्त्रित गर्छ भन्ने कुरासँग चासो छैन । समाजमा वर्गहरू छन्, वर्गका बीच संघर्ष छ र पार्टीहरू वर्गकै प्रतिनिधि हुन् भन्ने मार्क्सेली भाष्य स्वीकार गर्न खासै रुचि छैन । उनी समाजलाई गतिहीन ठान्छन्, नियन्त्रित र सामन्ती अनुशासनमा बाँध्न चाहन्छन् । समयचेत र उनको चाहनामा कहींकतै भेट हुँदैन । विज्ञानमा भन्दा (अन्ध) विश्वासमा आस्था राख्छन् । पार्टीको सुपरस्ट्रक्चर (विचार र शक्ति अभ्यास सहितको वर्चस्व) लाई मार्क्सवादीहरूबाट खोसेर बाहुनवादीहरू कहाँ लगेका छन् ।

पहाडे ब्राह्मण परिवारमा जन्मेकोले म बाहुनहरूको दैनिक व्यवहारमा हुने श्रेणीगत आचार व्यवहार बारे थोरबहुत जानकार छु । घरमा हामी हुर्कंदा चुल्होसँग जोडिएको एउटा भान्सा हुन्थ्यो । त्यो अँगेना वरपरको भागभन्दा अलिकति उचाइमा हुन्थ्यो । ब्रतवन्ध गरेका उपाध्याय बाहुनहरू मात्र त्यहाँ बसेर खाना खान पाउँथे । हामी ब्रतवन्ध नगरेकाहरू डीलमुनि पर्थ्यौं । क्षत्री र वैश्यहरूले मझेरीसम्म प्रवेश पाउँथे । दलितहरूलाई ढोकाभित्र प्रवेश निषेध थियो । उनीहरू पिंढी या आँगनमा बसेर खाना खान्थे । यसरी चार श्रेणी खाना खाने बेलामै छुट्टिन्थ्यो । तहगत विभाजनमा सबैभन्दा माथि ब्राह्मण र सबैभन्दा तल दलित । बाहुनहरूमै पनि श्रेणी थियो । आजको एमालेको शक्ति र स्रोतमाथि नियन्त्रण र पहुँचका दृष्टिले यो भान्सादेखि पिंढी या आँगनसम्म बाँडिएका श्रेणीहरूमा आधारित छ । यसैले पनि एमालेलाई ब्राह्मणवादी पार्टी भन्दा फरक पर्दैन ।

नेकपा एमालेका नयाँ पुराना भित्रियाहरूसँगको संवादबाट मैले पाएको सूचना अर्थात् सुनिजानेको र अब्जर्भेसनबाट बुझे अनुसार एमालेका सबैजसो नीति र निर्णयमा सहभागी हुन पाउने ओली बाहेक पाँच जना मात्र छन् । भान्सेको सिटमा ओली छन् । कमरेडहरू शंकर पोखरेल, विष्णु रिमाल, प्रदीप ज्ञवाली, भानुभक्त ढकाल र राजन भट्टराई (र यी सबै मेरा मित्रहरू हुन्, कुनै समयका सहकर्मीहरू । यसमानेमा म खुशी छु कि उनीहरू पार्टी र देशको निर्णायक ठाउँमा सक्रिय छन्) भान्सामा उक्लने उपाध्यायहरू हुन् । यो समूह नै आजको एमालेको डिपस्टेट हो । यो टिमलाई सहयोग गर्ने पार्टी ब्युरोक्रेसी, दाता र पेशागत समूहहरू पनि डिपस्टेटकै अंग हुन् । डिपस्टेट किन भनेको भने पार्टीका औपचारिक फोरमहरू केन्द्रीय सचिवालय, स्थायी कमिटी या केन्द्रीय कमिटीले गर्ने निर्णय केवल औपचारिक र वैधानिकताका स्रोत बनाइएका छन् ।

वास्तविक निर्णय उपरोक्त ग्याङले गर्छ । विष्णु पौडेल, पीएस गुरुङ, हिक्मत कार्की, गुरु बरालहरू डीलमुनिसम्म, बाँकी सबै मझेरीदेखि पिंढी र बलेंसी बाहिर आँगनमा बस्न पाउनेहरू हुन् । निर्णय प्रक्रियामा यिनीहरूको सहभागिता फट्के किनाराका साक्षीसरह हो । महेश बस्नेतहरू चैं बाहिरी घेराबाट डिपस्टेटको रक्षा गर्ने आदेश पालकहरू हुन् । उनीहरू डिपस्टेटको रक्षा र प्रतिपक्षीहरूलाई मनोवैज्ञानिक त्रासमा राखिरहन अत्यन्त आवश्यक सुरक्षा संयन्त्रका चालकहरू भएकोले यो पंक्तिलाई खुशी राख्न डिपस्टेट पनि बाध्य हुन्छ । उनीहरूका कतिपय आवाज र माग सुनिन्छन् । तर मझेरीबाट भित्र जान दिइन्नँ ।

पार्टी स्थायी समिति सदस्य रहेका महेशले भने उस्तै परे ग्याङ अफ फाइभका सदस्यहरूलाई पनि धम्क्याउन सक्छन् । किनभने उनको मुख्य उत्तरदायित्व ओलीप्रति छ । जसरी चीनमा ग्याङ अफ फोरले आफ्नो नीति लागू गराउन रेडगार्डवाला केटाकेटी प्रयोग गर्थ्यो यहाँ त्यसरी नै कहिले युथ फोर्स र कहिले भोलेन्टियर्स फोर्स प्रयोग हुन्छ । कमरेड ओलीको देवत्वकरण गरेर सेन्टिमेन्टल ब्ल्याकमेलिङ पनि गरिरहन्छ । कुनै समय कमरेड विद्या भण्डारी, ईश्वर पोखरेल र विष्णु पौडेल, सुरेन्द्र पाण्डेहरू पनि डिपस्टेटमा पर्थे । केही बिचौलिया र व्यापारिक घरानाहरू एमालेका कतिपय नीतिमा लामो समयदेखि प्रभाव पार्छन् । ठूला व्यापारी, मेडिकल व्यवसायीदेखि विद्यालय सञ्चालकहरूसम्म यसमा छन् भन्ने कतिपयको बुझाइ रहेको छ ।

एमालेमा यस्तो ग्याङ बन्नु र पार्टी निर्णयमा वर्चस्व स्थापना गर्नुमा मलाई व्यक्तिगत रूपमा खासै समस्या छैन । तर यसले एमालेलाई सामूहिकतामा लैजान रोकेको छ । यो समूह निर्णायक बन्दा देशको लोकतान्त्रिक पद्धति, शासन प्रणाली र स्वाधीनतामा समेत नकारात्मक असर गरिरहेको छ । यही समूहले सामाजिक सञ्जाल खासगरी फेसबुकका कारण आफ्नो पार्टीको आलोचना बढेको र रवि, बालेन अनि हर्क साम्पाङ जस्ताले फाइदा लिएको भन्दै सञ्जालहरू बन्द गर्न जबर्जस्ती निर्णय गराउँदा भदौ २३ र २४ का अकल्पनीय घटनाहरू घटेका हुन् जसले देशको सार्वभौम सत्ताको अक्षुण्णतामा जोखिम बढाइदिएका छन् ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २५ गते बिहीबार ११ डिसेम्बर २०२५ । सप्तमी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४६ सूर्यास्त ५:०८ । अन्तर्राष्ट्रिय पर्वत दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |




# सुदूरपश्चिम भर्सेस विराटनगर: लिगको हारको बदला क्वालिफायरमा



काठमाडौं/'क्रिकेट भनेको टिमलाई हेरेर खेलिन्न । ग्राउण्डमा खेलिने खेल हो । अस्ती हामीले वान साइडेड जित्यौं । आज उनीहरुले (सुदूरपश्चिम)ले वान साइडेड जित्यो ।' सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो क्वालिफायरमा सुदूरपश्चिम रोएल्ससँग ७७ रनको फराकिलो अन्तरले पराजित भएपछि विराटनगर किंग्सका टिम निर्देशक दिपेन्द्र चौधरीले पोष्ट म्याच कन्फेरेन्समा यस्तो प्रतिक्रिया दिए ।

लिग चरणमा विराटनगरले सुदूरपश्चिमलाई एकपक्षीय रुपमा पराजित गर्दा आज त्यसको ठिक उल्टो सुदूरपश्चिमले विराटनगरलाई एकपक्षीय रूपमा हराइदियो । तीन दिनमा दुई टोलीले प्राप्त गरेको यो नतिजाले नै क्रिकेट खेलको सुन्दरतालाई परिभाषित गर्छ । यी दुई टोलीबीचको पछिल्ला दुई खेलको नतिजाले चौधरीको यो भनाईलाई पनि पुष्टि गरेको छ ।

लिग चरणको अन्तिम खेलमा विराटनगरले विष्फोटक ब्याटिङ गर्दै १४८ रनको लक्ष्य १२ ओभर भित्रै पूरा गरेको थियो । तर मंगलबार फाइनल पुग्नका लागि भएको पहिलो क्वालिफायर ठिक विपरित प्रदर्शन भयो । विराटनगरको टप अर्डरदेखि ब्याटिङ लाइनअप 'कोल्याप्स' नै भयो । सुदूरपश्चिमले संगठित बलिङ र फिल्डिङ गर्दा विराटनगरको ब्याटिङ सुरुदेखि नै धर्मराएको थियो ।

सुदूरपश्चिमले दिएको १५६ रनको लक्ष्य पछ्याएको विराटनगर ३५ बल अघि नै जम्मा ७८ रनमा अलआउट भयो । विराटनगरले पूरा ओभर पनि क्रिजमा टिक्न सकेन । यसको कारण ब्याटिङ कोल्याप्स हुनु नै रहेको चौधरीको भनाई थियो ।

लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिमले दिएको १४८ रनको लक्ष्य १३.५ ओभरमा पूरा गरेमा विराटनगर दोस्रो स्थानमा रहँदै पहिलो क्वालिफायर खेल्ने समिकरण थियो । त्यसमा फाफ डु प्लेसिस र साम हिजलेटले विष्फोटक ब्याटिङ गर्दै ११.५ ओभर मै लक्ष्य पूरा गर्न सहयोग गरेका थिए । त्यही नतिजाले विराटनगरले पहिलो क्वालिफायरमा सुदूरपश्चिम सँगको भेट निश्चित गरेको थियो ।

तर फाइनल प्रवेशका लागि भएको खेलमा भने विराटनगरको प्रदर्शन ठिक उल्टो रह्यो । लिग चरणमा विराटनगर विरुद्ध स्कट कुगेलेइन, हेमन्त धामी जस्ता बलरलाई आराम दिएको सुदूरपश्चिमले क्वालिफायरमा उनीहरुलाई खेलायो र सुदूरको बलिङ अट्याक विराटनगरको लागि निकै भारी पर्‍यो ।

लिग चरणमा लगातार ६ खेल जित्दै अपराजित रहेको सुदूरपश्चिमको यात्रामा ब्रेक लगाएपछि सुदूरको टाइगर र पूर्वेली राजाको बीचको यो क्वालिफायर प्रतिस्पर्धात्मक हुन सक्ने धेरै समर्थक र विज्ञहरुको अनुमान थियो । तर मैदानमा सुदूरपश्चिमले त्यो सबै अनुमानलाई गलत सावित गरिदियो ।

टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ६ विकेट गुमाएर १५५ रनको मध्यम स्कोर खडा गरेको थियो । बलरहरुको उत्कृष्ट बलिङ अनी फिल्डिङमा सुदूरले त्यो स्कोरलाई डिफेण्ड गर्‍यो । हुन त सुदूरपश्चिमले लिग चरणमा पनि सुरुवाती खेलहरुमा टस हारेर पहिले ब्याटिङ गर्दा पनि यस्तै अवस्थामा स्कोर डिफेण्ड गरेको थियो । क्वालिफायरमा पनि सुदूरले त्यो शैली कायम राख्यो ।

सुदूरपश्चिमका बलर स्कट कुगेलेइनले राम्रो बलिङ गर्‍यो भने त्यो टोल डिफेण्ड हुन सक्ने लागेको पोष्ट म्याच कन्फेरेन्समा बताए । 'हामीले बलिङ राम्रो गर्‍यौं भने यो टोटल डिफेण्ड हुन्छ भन्ने लागेको थियो' उनले भने, 'हामीले योजना अनुसार बलिङ गर्‍यौं ।' यसै खेलबाट डेब्यु गरेका भारतका शेल्डन ज्याक्सन र पाकिस्तान मुलका अमेरिकी क्रिकेट मुख्तर अहमदले पनि राम्रो योगदान गरेको न्युजिल्याण्डका बलर स्कटले बताए ।

लगातार दोस्रो पटक सुदूर पश्चिमबाट एनपीएल खेलिरहेका स्कटले यस पटक उपाधि जित्ने लक्ष्य रहेको बताए । 'हामी योपटक उपाधि जित्न चाहन्छौं । दोस्रो स्थान खासै राम्रो सुनिँदैन ।' पहिलो संस्करणमा सुदूरपश्चिम फाइनलमा जनकपुर बोल्ट्ससँग पराजित हुँदै उपविजेता बनेको थियो ।

गत वर्षदेखि सुरु भएको एनपीएलमा सुदूरपश्चिम लगातार दुई सिजन शीर्ष स्थानमा रहेर प्लेअफ पुग्ने पहिलो र एक मात्र टिम बन्दा लगातार फाइनल पुग्ने पनि पहिलो टिम नै बन्यो । तर च्याम्पियन बन्न नसकेको सुदूर पश्चिम दोस्रो सिजन एनपीएलको ट्रफी उचाल्ने दाउमा छ । त्यसका लागि सुदूरपश्चिमले फाइनलमा खेल्ने अपोनेन्टका लागि अझै दुई खेल कुर्नुपर्नेछ । त्यसपछि ट्रफी उचाल्ने टिम कुन हुनेछ त्यसका लागि शनिवार बेलका सम्म प्रतिक्षा गर्नुपर्नेछ ।

### तेस्रो कम स्कोर

विराटनगरले मंगलबार सुदूरपश्चिम विरुद्ध बनाएको ७८ रनको स्कोर एनपीएलमा यस सिजन सबैभन्दा कम स्कोर हो भने समग्रमा एनपीएलको तेस्रो कम योगफल हो । गत संस्करणमा जनकपुर बोल्ट्स नै सुदूरपश्चिम विरुद्ध ५१ रनमा अलआउट भएको थियो । जुन एनपीएलको सबैभन्दा कम योगफल हो । यस्तै गत सिजन नै पोखरा एभेन्जर्स चितवन राइनोज विरुद्ध ७४ रनमा समेटिएको थियो ।

कम स्कोर बनाउने सूचीमा अब विराटनगर किंग्स पनि थपिएको छ । त्यसमा दक्षिण अफ्रिकी स्टार ब्याटर फाफ डु प्लेसी एक्लै करिब आधा रन (३६) योगदान गरेका थिए । अर्को छेउबाट विकेट गइरहेपनि ओपनिङ गर्दै ११औं ओभर सम्म क्रिजमा टिकका डु प्लेसीले २९ बल खेल्दा ३ चौका र१ छक्का प्रहार गरे । दक्षिण अफ्रिकाकै बलर मर्चेन्ट डे लाङले आठौं नम्बरमा आएर ११ बलमा १ चौका र १ छक्का प्रहार गर्दै १५ रन जोडे । बसिर अहमदले १८ बलमा २ चौका मदतमा १२ रन बनाए । बाँकी खेलाडीले दोहोरो अंक समेत छुन सकेनन् । त्यसमा पनि दुई खेलाडी खाता नखोली आउट भए ।

ब्याटिङमा कोल्याप्त हुँदा अलआउट भएको विराटनगरका टिम निर्देशक दीपेन्द्र चौधरीले पनि स्वीकार गरे । 'ब्याटिङ कोल्याप्स नै हारको कारण हो । ७ बलमा ३ विकेट गइसकेको थियो । त्यही हो कारण' दीपेन्द्रले भने ।

अघिल्लो खेलमा सुदूर पश्चिम विरुद्ध नै चलेको टप अर्डर आज चलेन । त्यो आज क्लिक नभएको चौधरीले बताए । 'हामी टप अर्डरमा हेभी छौं । विदेशी खेलाडी नै टप अर्डरको छ आज टप अर्डर क्लिक भएन, उनले भने, 'लास्ट म्याचमा उहाँहरुले ९५ रन साझेदारी गर्नुभाथ्यो । क्रिकेट बल र ब्याटको गेम हो । आज उनीहरु चलेनन् ।'

विराटनगरको ब्याटिङ कोल्याप्स हुँदा सुदूरका बलरहरु पूर्ण रुपमा हावी बने । बलिङ र फिल्डिङ नै उत्कृष्ट थियो । कप्तान दीपेन्द्र ऐरीको डिरेक्ट हिट आज देख्न पाइएन । तर उनले आफ्नै बलिङमा कट एण्ड बोल्ड गर्दै १ विकेट लिए भने अरु थप ३ क्याच समेत लिएका थिए ।

यस्तै आज सुदूरका पेस बलरहरुले पनि राम्रो प्रदर्शन गरे । स्कट कुगेलेइन, अविनाश बोहरा र हेम्त धामी मिलेर ५ विकेट लिए । कुगेलेइनले ३ ओभरमा ९ रन मात्र खर्चेर २ विकेट लिँदा अविनाशले ३.१ ओभरमा २२ रन खर्चेर २ विकेट लिए । यस्तै डु प्लेसीको विकेट लिएका हेमन्तले २ ओभरमा १२ रन खर्चीए । सुदूरका लागि ४ ओभर स्पेल नै पुरा गरेका हर्मित सिंहले २० रन खर्चेर २ विकेट लिए । अर्का बलर मिलन बोहराले विकेट नलिएपनि १ ओभरमा ६ रन मात्र खर्चिए ।

### विनोदको संयमित ब्याटिङ

विराटनगरले टस जितेर बलिङ रोजेपछि सुदूरपश्चिमले सुरुमा ब्याटिङ गरेको थियो । ओपनर विनोद भण्डारीले संयमित ब्याटिङ गर्दै अर्धशतक प्रहार गरेपछि सुदूरपश्चिमले सम्मानजनक स्कोर (१५५/७) बनाएको थियो । त्यसमा भेट्रान विकेटकिपर ब्याटर विनोदले अर्धशतकिय पारी खेले । १९ ओभरसम्म संयमित ब्याटिङ गर्दै क्रिजमा टिकेका उनले सर्वाधिक ६३ रनको योगदान गरे । उनले ५२ बल खेल्दा ३ चौका र २ छक्का समेत प्रहार गरेका थिए ।

सुदूरको टिममा लिग चरणका खेलेका दुई अष्ट्रेलियन ब्याटर क्रिस लिन र जोश ब्राउन थिएनन् । उनीहरु अष्ट्रेलिया फर्किएपछि दुई नयाँ खेलाडी मुख्तर अहमद र शेल्डन ज्याक्सनलाई सुदूरपश्चिमले प्लेअफका लागि अनुबन्ध गरेको थियो ।

लिन र ब्राउन जस्तै यी दुई नयाँ खेलाडीले एनपीएलमा डेब्यु गर्दै टप अर्डरमै खेले । विनोदसँग ओपनिङ गरेका मुख्तरले १० बलमा १० रन जोडे । वान डाउनमा आएका भारतका भेट्रान विकेटकिपर ब्याटर शेल्डन ज्याक्सनले ११ बलमा २० रन योगदान गरे । कोलकता नाइट राइडर्सबाट आईपीएल खेलेका शेल्डनसँग विनोदले दोस्रो विकेटका लागि ४० रनको साझेदारी गरे । एक छेउबाट विकेट गइरहेपनि विनोदले साझेदारी बनाउँदै खेल अगाडि बढनएका थिए ।

विनोदले इशान पाण्डेसँग तेस्रो विकेटका लागि ३१ रनको साझेदारी गरे । यस्तै छैटौं विकेटका लागि पनि विनोदले आरिफ शेखसँग ३१ रनकै साझेदारी गरे । सुदूरले १५० रनको आँकडा पार गर्नुका विनोदको यी तीन साझेदारीले पनि काम गरेको थियो । यही प्रदर्शनका कारण विनोद प्लेअर अफ दि म्याच घोषित भए ।

उनले यस सिजन एनपीएलमा बनाएको यो दोस्रो अर्धशतक हो । यस सिजन उनले ८ खेलबाट दुई अर्धशतकसहित २६४ रन बनाएका छन् र सर्वाधिक रन बनाउनेमा दोस्रो स्थानमा उक्लेका छन् । उनी अघि पोअरा एभेन्जर्सका एडम रोसिङटन (३२३ रन) छन् । यस सिजन एनपीएलमा सर्वाधिक रन बनाउने खेलाडीले 'प्रेसिडेन्सियल प्लाटिनम क्याप' प्राप्त गर्नेछन् । विनोदले फाइनलमा ६० रन बनाएमा रोसिङटनलाई पछि पार्नेछन् ।

आरिफ शेखले १३ बलमा २० रन जोडे । हर्मित सिंहले १४ र इशान पाण्डेले १३ रन योगदान गरे । विराटनगरका लागि यस सिजन उत्कृष्ट बलिङ गरिरहेका कप्तान सन्दीप लामिछानेले सुदूरपश्चिम विरुद्ध ४ ओभरमा किफायती बलिङ गर्दै १६ रन मात्र खर्चिएपनि विकेट लिन सकेनन् । मर्चेन्ट डे लाङ र प्रतिश जिसीले २-२ विकेट लिँदा सूर्य तामाङ र साम हिजलेटले समान १ विकेट लिए ।

*(स्रोत:अनलाइनखबर)*

# देशभरका भन्सार कार्यालयमा पेन डाउन, जाँचपास सेवा ठप्प




साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ देशभरका सबै भन्सार कार्यालयमा भन्सार जाँचपासका सम्पूर्ण काम ठप्प भएका छन् ।

भन्सार एजेन्ट महासंघ नेपालको आह्वानमा भन्सार एजेन्टहरुले कार्यालयमा पेन डाउन गर्दा भन्सार जाँचपासका काम ठप्प भएका हुन् ।

२०८२ मंसिर २१ गतेदेखि लागू भएको भन्सार ऐन, २०८२ का केही प्रावधानको विरोधस्वरुप महासंघले मुलुकभर भन्सार सेवा अवरुद्ध गरेको हो । महासंघका अनुसार नयाँ ऐनका प्रावधानले अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार प्रक्रियालाई सहज बनाउने भन्दा उल्टो भन्सार एजेन्टको पेशागत अधिकार, उद्योगव्यवसाय र वैध व्यापारलाई नै हतोत्साहित गर्ने अवस्था सिर्जना भएको छ । भन्सार ऐन, २०८२ को मस्यौदा तयार पार्ने चरणदेखि नै महासंघले दण्डजरिवाना, इजाजतपत्र नवीकरण, निलम्वन प्रक्रिया, बैंक जमानत, कम्प्युटर प्रणालीमा युजर आइडी व्यवस्थापन, इन्कुट आउट नोट प्रणाली र मालवस्तु जाँचपासलाई इजाजत प्राप्त भन्सार एजेन्टमै सीमित गर्ने लगायत विषय समावेश गर्न माग गर्दै आएको थियो ।

तर, लागू भएको ऐनले अनावश्यक दण्डजरिवाना थपेको र तजबीजी अधिकार बढाएको महासंघले आरोप लगाएको छ । महासंघले भन्सार जाँचपासमा निरन्तर देखिने ढिलासुस्ती, भन्सार स्वचालन प्रणालीका सर्भर समस्या, राजश्व भुक्तानी र क्वारेन्टाइनका जटिलता सम्बन्धमा भन्सार विभागलाई बारम्बार ध्यानाकर्षण गराए पनि समस्याको समाधान नभएको आरोप छ । पेनडाउन आन्दोलन आईतवार वीरगञ्ज भन्सारबाट सुरु भएको थियो । दोस्रो दिन सोमवार भैरहवा भन्सार पूर्णरुपमा ठप्प रह्यो भने तेस्रो दिन मंगलवार देशभरका सम्पूर्ण भन्सार कार्यालयका सेवाहरु बन्द गरिएको महासंघका केन्द्रीय सदस्य उमेश घिमिरेले जानकारी दिए ।

जाँचपास रोकिँदा मुलुकभरका भन्सार कार्यालयबाट राजश्व असुलीमा प्रत्यक्ष असर परेको छ । महासंघले नयाँ भन्सार ऐनले सिर्जना गरेका समस्या र पेशासँग सम्बन्धित माग सम्बोधन नभए थप आन्दोलन कार्यक्रम सार्वजनिक गर्ने तयारी गरिएको घिमिरेले जानकारी दिए ।

# 'पीआर'को शीर्ष गीत 'पीआरको चक्करले' सार्वजनिक



काठमाडौं/यही शुक्रबारबाट प्रदर्शन हुन लागेको फिल्म 'पीआर'को शीर्ष गीत 'पीआरको चक्करले' सार्वजनिक गरिएको छ । शोभित बस्नेतको निर्देशनमा बनेको फिल्मको उक्त गीतमा मानस राजको स्वर, शब्द र संगीत रहेको छ । गायनमा उनलाई समीक्षा अधिकारीले साथ दिएकी छन् । गीतले विदेशको संघर्ष र पीआरका लागि सामना गर्नुपर्ने चुनौती र कठिनाइलाई व्यक्त गरेको छ ।

निर्देशक बस्नेत स्वयंको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका कलाकारहरू आर ए सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी र आश्मा अधिकारीलाई देख्न सकिन्छ । भिडियोमा उनीहरूले अष्ट्रेलियामा गरेको संघर्षलाई देखाइएको छ भने खुसी, पीडा, दु:ख र निराशालाई पनि मार्मिक ढंगले प्रस्तुत गरिएको छ ।

सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा मस्तानी डागी, विमला खत्री, गणेश बुढाथोकी, म्याक्स बाबु, कृष्ण थापा, नवीन घायल, नीर शाह, गौरी मल्ल, रविन्द्र खड्का, उत्तम केसी, दीक्पाल कार्की लगायतको पनि अभिनय रहेको छ । प्रेम, संघर्ष र आप्रवासनको संवेदनशील कथामा आधारित 'पीआर'को प्रस्तुतकर्ता रञ्जित साह र सन्तोष तिवारी हुन् ।

लक्ष्मण सापकोटा र प्रदीप दाहाल निर्माता रहेको फिल्ममा छायांकन सौरभ सायमी र सौरभ लामा, लेखन गणेश बुढाथोकी, सम्पादन बन्दे प्रसाद, संगीत मानस राज र कोरियोग्राफी रामजी लामिछानेको रहेको छ । निर्माण पक्षका अनुसार फिल्मले विदेश जाने नेपाली युवाको सपना, चुनौती र त्यसका पछाडिका सामाजिक यथार्थलाई मुख्य विषय बनाएको छ ।

# उच्च अदालतको आदेशपछि नेपाल ट्रस्टको अनुसन्धान नै प्रभावित

काठमाडौं/उच्च अदालत पाटनले 'अति सक्रियता' देखाएर जारी गरेको अन्तरिम आदेशका कारण दरबारमार्गस्थित नेपाल ट्रस्टको जग्गा किर्ते र ठगी भएको फाइलको अनुसन्धान नै प्रभावित भएको छ । उच्च अदालत पाटनले 'देवानी प्रकृतिको सम्झौता देखिएको' भन्दै थामसेर्कु ट्रेकिङका अध्यक्ष ल्हाक्पा सोनाम शेर्पा र उक्त कम्पनीका अरू सञ्चालकहरूलाई धरपकड र पक्राउ नगर्न आदेश दिएको थियो ।

जिल्ला अदालत, काठमाडौंले पक्राउ अनुमतिपत्र जारी गरिसकेको अवस्थामा उच्च अदालत पाटनका न्यायाधीश गोपालप्रसाद बास्तोलाको इजलासले पक्राउ नगर्न अन्तरिम आदेश दिएको हो । त्यसपछि नेपाल ट्रस्ट जग्गा लिजको किर्ते अनुसन्धान नै प्रभावित भएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले २२ कात्तिक, २०८२ मा नेपाल ट्रस्टका तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई पक्राउ गरेर दरबार मार्गस्थित दुई रोपनी जग्गा लिजमा दिएको घटनाको अनुसन्धान थालेको थियो । बयानका क्रममा लेखबहादुरले नाम पोलेपछि ३० कात्तिकमा तत्कालीन सचिव अर्जुनबहादुर कार्की समेत पक्राउ परेका थिए ।

यति समूहको थामसेर्कु डेभलपर्सले दरबारमार्गस्थित नेपाल ट्रस्टको जग्गामा भवन बनाउने र ३० वर्ष सञ्चालन गर्ने लिज ठेक्का पाएको थियो । पछि थामसेर्कु डेभलपर्सले आफूले पाएको ठेक्का यती समूहकै भगिनी कम्पनी थामसेर्कु ट्रेकिङलाई हस्तान्तरण गरेको थियो । छलछाम गरी नेपाल ट्रस्टलाई नोक्सान पुर्‍याइएको र ठेक्का सम्झौताकै पानाहरू किर्ते गरिएको आशंका सहित अघि बढेको अनुसन्धानको दायरा थामसेर्कुका सञ्चालक ल्हाक्पा सोनाम शेर्पासम्म पुग्ने निश्चित जस्तै थियो । सीआईबीले २६ कात्तिकमा काठमाडौं जिल्ला अदालतबाट उनलाई पक्राउ पुर्जी जारी गर्ने लिखित अनुमति लियो, अदालतबाटै जारी भएको पक्राउ अनुमतिको सूचना ल्हाक्पासम्म पुग्यो ।

### "देवानी विषयमा धरपकड"

आफूलाई पक्राउ गर्न खोजिएको थाहा पाएपछि ३० कार्तिकमा थामसेर्कुका सञ्चालक सोनाम शेर्पा उच्च अदालत पाटनमा पुगे । आफूलाई पक्राउ गर्न खोजिएको भन्दै उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सीआईबी लगायत विरुद्ध निषेधाज्ञाको निवेदन सहित अन्तरिम आदेशको माग गरे ।

कुनै सरकारी निकायले गैरकानूनी काम गर्दैछ भन्ने जायज आधार र कारण भएमा नागरिकले निषेधाज्ञाको माग राखी अदालतमा निवेदन दिन पाउँछन् । उनीहरूको माग जायज देखिए अदालतले निषेधाज्ञाको आदेश जारी गर्नसक्छ । आफू करिब ४५ वर्षदेखि पर्यटन व्यवसायमा रहेको भन्दै सोनामले उच्च अदालतको निवेदनमा दरबार मार्गको जग्गा लिज लिंदा अपनाइएको फेहरिस्त पेश गरेका छन् । जस अनुसार, उनले ३ वर्षमा भवन निर्माण गरी ३० वर्ष सञ्चालन गर्न दुई रोपनी जग्गा लिजमा लिएका थिए ।

आफूहरूले कित्ता नम्बर ४६०६ नम्बरको जग्गालाई तीस वर्षको अवधिमा १ अर्ब ४० करोड रुपैयाँ तिर्ने गरी प्रस्ताव गरेको उनको दाबी छ । त्यसलाई नेपाल ट्रस्टले स्वीकारेको भन्दै उनले निवेदनमा आफूहरूले गरेको लिज ठेक्का सम्झौता बैध रहेको दाबी गरेका छन् । उनले लिज सम्झौतामा उल्लेख नभएको कित्ता नम्बर ४६०५ को जग्गा पनि आफूहरूले उपयोग गरेको स्विकारेका छन् ।

ठेक्का सम्झौता करारको विषयवस्तु हुने र देवानी दायित्वको विषयमा आफूहरूलाई धरपकड गर्न नमिल्ने भन्दै सोनामले निवेदनमा भनेका छन्, 'अमूक व्यक्तिको व्यक्तिगत मनोकांक्षा पूरा गर्न नेपाल प्रहरी दुरुपयोग भयो । देवानी दायित्वको विषय फौजदारी जस्तो हुने गरी पक्राउ र धाकधम्की आयो ।'

यती समूहले रिट निवेदनमा आफूलाई अनुकूल हुने विवरण मात्रै अदालतमा पेश गरेको छ । अरु विवादित तथ्यहरूमा ऊ मौन छ । साढे ५ अर्ब रुपैयाँको ठेक्का विवाद, जग्गा किर्ते भएको विषय, अनुमतिभन्दा थप भवन संरचना सञ्चालन गरेकोबारे केही विवरण पेश भएको छैन । तोकिएभन्दा अर्को कित्ता जग्गा समेत गैरकानूनी रुपमा उपयोग भएको विषयमा रिट निवेदन मौन छ । उच्च अदालत पाटनमा दर्ता भएको पर्सीपल्ट नै रिट निवेदन पेशीमा चढ्यो । न्यायाधीश गोपालप्रसाद बास्तोलाको इजलासले सीआईबीले अनुसन्धान गरिरहेको विषयलाई देवानी प्रकृतिको करार सम्झौता भनिदियो । अनि, थामसेर्कुका अध्यक्ष सोनाम र अरु सञ्चालकहरूलाई धरपकड र पक्राउ नगर्न अन्तरिम आदेश दियो ।

*(स्रोत:अनलाइनखबर)*

# 'गोबर गणेश'को पोस्टरमा प्रेम र खुसीको झलक

काठमाडौं/चर्चित हास्य कलाकार मरिचमान श्रेष्ठ (बल्छी धुर्बे)को डेब्यु निर्देशकीय फिल्म 'गोबर गणेश'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ ।

मंगलबार सार्वजनिक पोस्टरमा फिल्मका मुख्य जोडी वर्षा सिवाकोटी र निर्देशक श्रेष्ठलाई स्थान दिइएको छ । दुवै खुसी मुद्रामा देखिएका छन् । यसले फिल्ममा उनीहरूको प्रेम सम्बन्धलाई संकेत गर्छ ।

वर्षा साइकल जडित रिक्सा चलाइरहेकी छन् भने त्यसमा मरिचमान बसेका छन् । घाँटीमा सिट्टी झुन्ड्याएका उनी नगर पालिकाको फोहोर उठाउने कर्मचारी जस्ता देखिन्छन् । पृष्ठभूमिमा सहरका बाक्ला घरहरू छन् । निर्माण पक्षले पोस्टरमार्फत फिल्मका मुख्य पात्रको संघर्ष र प्रेम सम्बन्धलाई प्रकाश पार्ने प्रयास गरेको देखिन्छ ।

आगामी माघ १ गतेबाट प्रदर्शनमा आउन लागेको यो फिल्ममा मरिचमान र वर्षासहित विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानियाँ, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ लगायतको अभिनय रहेको छ । फिल्ममा शिवराम श्रेष्ठको डीओपी तथा विपिन मल्लको सम्पादन छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# स्वास्थ्यमा नागरिकको पहुँच विशेष प्राथमिकतामाः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले स्वास्थ्यमा नागरिकको सहज पहुँच प्रदेश सरकारको विशेष प्राथमिकता रहेको बताएका छन् । सिन्धुलीको तीनपाटन गाउँपालिकामा नवनिर्मित नगर अस्पताल भवन उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले यस्तो बताएका हुन् ।



शिक्षा, स्वास्थ्यजस्ता विषयलाई संविधानले नै नागरिकका मौलिक अधिकारको रुपमा ग्यारन्टी गरेको भन्दै उनले प्रदेश सरकार मौलिक अधिकारलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न तत्पर रहेको बताए । 'रोगमुक्त समाज, निरोगी नागरिक बनाउन प्रदेश सरकारले काम गरिरहेको छ । कुनै नवजात शिशु कुपोषणको शिकार नबनुन्, उमेरजन्य कारणले लाग्ने दीर्घरोग जस्तै-सुगर, प्रेसर, बाथ, युरिक एसिड, थाइराइडलगायत असाध्य रोग लागेका नागरिकलाई सहज र सरल सेवा दिन सकियोस् भनेर प्रदेश सरकार काम गरिरहेको छ,' मुख्यमन्त्री बानियाँले भने ।

गणतन्त्र गरिबको व्यवस्था हो भन्दै उनले मुलुकमा लाभको अवस्थामा रहेको युवाशक्तिलाई प्रविधिमैत्री बनाउँदै रोजगारी सिर्जना गरिने बताए । मुलुकभित्रै केही भएन भन्दै असन्तोषको खेती भइरहेको चर्चा गर्दै मुख्यमन्त्री बानियाँले त्यसलाई चिर्दै भइरहेका विकासका कामलाई नागरिकसमक्ष पुर्‍याउन लागिपर्नु पर्ने बताए । विकासका पूर्वाधारसँगै नागरिकलाई अर्थोपार्जन गर्ने सीप विकास र लगानीसमेत दिनुपर्ने काममा प्रदेश सरकार लागि परेको उनले बताए । बाटो बनाइदिएर मात्र भएन, खल्तीमा नोट कसरी आउँछ भनेर उनीहरुलाई सीप र पूँजीको व्यवस्थासमेत गरिदिनुपर्ने हुन्छ, हामी त्यसतर्फ अग्रसर छौं' मुख्यमन्त्री बानियाँले भने ।

विघटित प्रतिनिधिसभाका सदस्य श्याम घिमिरेले अवैधानिक र असंवैधानिकरुपमा संसद् भङ्ग गरिएको भन्दै सरकार गठन असंवैधानिकरुपमा गरिएको बताए । सोहीक्रममा अस्पतालको अवलोकन गर्दै मुख्यमन्त्री बानियाँले देश अहिलेसम्मकै ठूलो जनसांख्यिक लाभको अवस्थामा रहेको बताए । युवाको जनसंख्या अहिले करिव ४३-४४ प्रतिशतभन्दा बढी रहेको भन्दै उनले भने, 'यो जनशक्तिले नै हो मुलुक निर्माणमा योगदान दिने । तर, त्यो जनशक्ति रोगी भयो भने, अस्वस्थ भयो भने, कुलतमा फस्यो भने मुलुकले ठूलो अवसर गुमाउनेछ ।'

उनले प्रत्येक महिलाले अस्पतालमै सुत्केरी हुन पाउने व्यवस्था सुनिश्चित गरिनु पर्ने बताए । 'अस्पताल पुग्न नसकी अकालमै सुत्केरीको ज्यान जाने, नवजात शिशुको मृत्यु हुने अवस्था आउनै नदिन मेरो नेतृत्वको सरकारले विशेष ध्यान दिइरहेको छ,' यतातर्फ स्वास्थ्यकर्मीले ध्यान दिन जरुरी छ । उनले रोग लागेपछि उपचारको प्रबन्ध गर्दै निरोगी बनाउन नागरिकलाई शारीरिक व्यायाम, खेलकुदमा जोड्न पालिका नेतृत्वले काम गर्नुपर्ने बताए । त्यसैगरी तीनपाटन गाउँपालिका अध्यक्ष कर्ण थापामगरले सीमित स्रोतसाधनबीच पनि विकासका पूर्वाधार निर्माणलाई पालिकाले पहिलो प्राथमिकता दिएको बताए । पूर्वाधार विकाससँगै नागरिकलाई सीप विकासमा ध्यान दिइएको अध्यक्ष मगरको भनाइ छ ।

नागरिकको आर्थिक समृद्धिका लागि पालिकाभित्र कृषि, पशुपालन जस्ता क्षेत्र पहिचान गरी कार्यक्रम लागू गराइएको उनले बताए । करिब १२ करोड रुपैयाँको लगानीमा नगर अस्पताल भवन निर्माण सम्पन्न भएको हो । कार्यक्रममा विघटित प्रतिनिधिसभा सदस्य श्याम घिमिरे, संविधानसभा सदस्य मोहन बराल, नेपाली कांग्रेस सिन्धुलीका पूर्वसभापति उज्ज्वल बराललगायत सहभागी थिए ।

**नागरिकलाई केन्द्रमा राखेर सेवादिन कर्मचारीलाई मुख्यमन्त्री बानियाँको निर्देशन**

बागमती प्रदेशका मुख्यमन्त्री बानियाँले कर्मचारी संयन्त्रले नागरिकलाई केन्द्रमा राखेर सेवा दिनुपर्ने बताएका छन् । सिन्धुलीको तीनपाटन गाउँपालिकामास्थित स्वास्थ्य, शिक्षा, प्रशासनलगायत सेवाका कर्मचारीलाई निर्देशन दिँदै मुख्यमन्त्री बानियाँले नागरिकले सेवा पाएमात्र प्रदेश सरकारप्रति विश्वास आर्जन हुने बताए ।

'नागरिकलाई कुनै पनि सेवा पाउन कठिनाइ नहोस्, इमान्दारी पूर्वक सेवा दिनुहोला,' उनले भने, कर्मचारीका समस्या भए हामी समाधान गर्छौं, कर्मचारी साथीहरुले पनि डेलिवरीमा पूर्ण योगदान गर्नुस् । त्यसपछि मात्र हामीले प्रदेश सरकारको महत्व स्थापित गर्न सक्छौं ।'

# रंगशालाको भुक्तानी सहजीकरणका लागि महानगर टोली सिंहदरबारमा



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको भुक्तानी सहजीकरणका लागि भरतपुर महानगरको टोली काठमाडौं पुगेको छ ।

महानगरप्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलसहितको टोली काठमाडौं पुगेका हुन् । महानगरपालिका प्रमुख दाहालकाअनुसार टोलीले प्रधानमन्त्री, अर्थमन्त्री एवं युवा तथा खेलकुदमन्त्री, मुख्यसचिव, मन्त्रालयका सचिवहरुलाई भेटेर रंगशालाको रकम भुक्तानी सहजीकरणका लागि छलफल गर्नेछ । महानगरपालिकालाई अप्ठ्यारो नपर्ने गरी जतिसक्दो चाँडो भूक्तानी गर्न आवश्यक सहजीकरणका लागि अनुरोध गर्ने उनले जानकारी दिइन् ।

धुर्मुस-सुन्तली फाउण्डेशनले भरतपुरमा निर्माण सुरु गरेर बीचमै छाडेको गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशालाको भुक्तानी दिन भरतपुर महानगरपालिकालाई कानुनी बाधा परेको छ । संघीय सरकारले १५ करोड बजेट विनियोजन गरेपनि भुक्तानी प्रक्रिया नमिल्दा फाउण्डेशनले रकम पाउन सकेको छैन । महानगरप्रमुख दाहालले भनिन्, 'हामी यथासक्य छिटो भुक्तानी गर्न चाहन्छौं । प्रक्रियामा सहजीकरण गरिदिनुपर्‍यो ।' महानगर उपप्रमुख अधिकारीले फाउण्डेशनलाई रकम भुक्तानी गर्न चाहेको तर, ऐन कानुनका कारण असहज भएको बताए ।

भरतपुर महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले संघीय सरकारले सिर्जित सम्पत्ति खरिद गर्न भनेर महानगरलाई १५ करोड बजेट व्यवस्था गरेको बताए । सिर्जित सम्पत्ति खरिद शीर्षकमा रकम छुट्याएको र यसरी छुट्याइएको रकम सार्वजनिक खरिद ऐन अनुसार मात्र खर्च गर्न मिल्ने उनले बताए । महानगरकै आग्रहमा फाउण्डेशनले रंगशाला बनाएको र नसकेपछि जिम्मेवारी महानगरलाई हस्तान्तरण गरेको थियो । फाउण्डेशनले छोडेपछि वि.सं २०८० कात्तिक २१ मा भरतपुर महानगरपालिका र बागमती प्रदेश सरकारबीच मिलेर रंगशाला निर्माण अगाडि बढाउने सहमति भएको थियो । सहमतिपछि संघीय सरकारले यो रंगशालालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अगाडि बढाउने निर्णय गरेको थियो ।

फाउण्डेशनले हस्तान्तरण गरेको निर्माणकार्य महानगरले विसं २०८१ को असारदेखि अगाडि बढाइसकेको छ । हालसम्म ४५ प्रतिशत काम सम्पन्न भएको छ । फाउण्डेशनले ५७ करोड १२ लाख बराबरको काम सम्पन्न गरेको दाबी गर्दै आएको छ । जसमध्ये १८ करोड ४३ लाख उधारो रहेको जनाइएको छ । फाउण्डेशनले विसं २०७५ माघ १६ मा काठमाडौंमा गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने घोषणा गरेको थियो । त्यसलगत्तै फाउण्डेशन र भरतपुर महानगरबीच रंगशाला निर्माणको सम्झौता भएको थियो । महानगरले जग्गा उपलब्ध गराउनुपर्ने, जग्गामा रंगशाला बनाउन अनुमानित तीन अर्ब रुपैयाँ लाग्ने र त्यो खर्च फाउण्डेशनले नेपाल सरकार तथा देश विदेशमा रहेका व्यक्ति, संस्था, सबै निकायसँग आह्वान गरी नगद या जिन्सी सहयोग लिने उल्लेख छ ।

# साधारणसभासँगै प्रदर्शनी मेला गर्ने




साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ सर्वोत्तम संचिती बचत तथा ऋण सहकारी संस्था लि.ले आगामी मंसिर २६ र २७ गते १९ औं वार्षिक साधारणसभा तथा भव्य प्रदर्शनी मेला आयोजना गर्ने भएको छ ।

सहकारीले मंगलबार पत्रकार सम्मेलन गर्दै साधारणसभा, सहकारी उत्पादन प्रदर्शन तथा मेलासम्बन्धी सम्पूर्ण तयारी पूरा भएको जानकारी गराएको हो । सहकारीको १९ औं साधारणसभाको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गर्ने संस्थाका अध्यक्ष रामबहादुर बस्नेतले जानकारी दिए । प्रदर्शनीमा सहकारीका तर्फबाट ४०, महिला समूहका ६ तथा रैथाने परिकारका २ र अन्य गरी कुल ५० वटा स्टल रहनेछन् । कार्यक्रमका दिन सहकारीले स्थानीय जडिबुटीबाट तयार गरिएको विशेष चिया निशुल्क वितरण गर्नेछ ।

प्रदर्शनी ३० हजारले अवलोकन गर्ने अपेक्षा आयोजकले गरेको छ । सहकारीले उत्पादनक्षेत्रमा प्रवेश गर्दा सफल हुन सकिन्छ भन्ने सन्देश प्रवाका लागि प्रदर्शनी आयोजना गरिएको सहकारीका अध्यक्ष बस्नेतले बताए । अध्यक्ष बस्नेतले सहकारीले सदस्यलाई व्यवसायमुखी बनाउँदै उपभोग्य वस्तुमा आत्मनिर्भरता बढाउने, विषादियुक्त तथा मिसावटयुक्त खाद्यवस्तुबाट बच्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सदस्यको बचतलाई उत्पादनमा लगानी गरी रोजगारी सिर्जना गर्ने लगायत उद्देश्य सहित उत्पादनमुखी कार्यलाई अझ सशक्तरुपमा अघि बढाइने बताए ।

दुई दिनसम्म सञ्चालन हुने मेलामा सहकारीले उत्पादन गरिरहेका दैनिक उपभोग्य वस्तु, पशु आहार, स्थानीय कच्चापदार्थबाट बनेका सामग्री तथा सदस्यले तयार पारेका विभिन्न उत्पादन प्रदर्शन गरिनेछ । सहकारीमा आवद्ध महिलाले 'एक समूह एक उत्पादन' अभियानअनुसार नियमितरुपमा उत्पादनमूलक कार्य सञ्चालन गर्दै आएका छन् । हाल ६ वटा महिला समूहले छुट्टाछुट्टै सामग्री उत्पादन गरिरहेका छन् । उत्पादनमा सहभागी महिलाका अनुसार यसले उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याएको छ । सहकारीले महिला समूहलाई तालिम, उपकरण, कच्चापदार्थ तथा बजार व्यवस्थापनमा निरन्तर सहयोग गर्दै आएको छ ।

सहकारीले २०९० सालदेखि सेयर सदस्यलाई पेन्सन दिने योजना पनि अघि सारेको छ । सहकारीमा हाल ३ हजार ९ सदस्य रहेका छन् । सक्रिय सदस्य संख्या ३ हजार ५ सयभन्दा नबढाउने नीति संस्थाले अवलम्बन गरेको छ । सहकारीले हेटौंडा-४ र ८ नं. वडामा सुपथ मूल्यमा किराना पसल सञ्चालन गरेको छ ।

# जात्राको समापनसँगै इन्द्रायणीचौर सरसफाई

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/थाहा नगरपालिकाको इन्द्रायणी जात्राको समापनसँगै इन्द्रायणीचौर सरसफाइ गरिएको छ ।

जात्रामा रहेका व्यापारिक स्टलबाट निस्किएको फोहोरको व्यवस्थापन थाहा नगरप्रमुख बिष्णु बिष्टको नेतृत्वमा नगरप्रहरी, इलाका प्रहरी कार्यालय, इन्द्रायणी भगवती कालाभैरव गुठी, इन्द्रायणी बस्ती र पालुङका स्थानीय युवाको सक्रिय सहभागितामा गरिएको हो ।

कार्यक्रममा थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत निरज पौडेल, प्रशासन महाशाखाप्रमुख नवीन खालिङ, लेखा शाखाप्रमुख अमर जिसी, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्य, उद्योग वाणिज्य संघ थाहाका उपाध्यक्ष सुरेन्द्रमान प्रधान, इन्द्रायणी भगवती गुठीका अध्यक्ष श्यामभक्त श्रेष्ठ, नगरप्रहरीप्रमुख किरण गिरी, पत्रकार शम्भु अधिकारी, औद्योगिक शान्ति नेपालका अनित बिष्टलगायत व्यक्तिको उपस्थिति रहेको थियो । सरसफाइ अभियानमा जुटेका समुदायका सदस्यले जात्रामा निस्केका फोहोरलाई नगरको डम्पिङ साइटमा व्यवस्थापन गरेका थिए ।

तीन दिनसम्म चलेको मेलामा हजारौं भक्तजनले जात्राको अवलोकन गरेका थिए । जात्रा प्रत्येक ३ वर्षमा एकपटक लाग्ने परम्परा रहेको छ ।

थाहा नगरप्रमुख बिष्टले भने, 'आजको सरसफाइ अभियानले नगरको स्वच्छता र जनचेतनामा नयाँ दिशा दिएको छ । समुदायको सक्रियताले यो अभियानलाई सफल बनाएको छ ।' इन्द्रायणी जात्राले थाहा नगरको सांस्कृतिक धरोहरलाई अझ मजबुत बनाएको र आगामी वर्षमा यो परम्परालाई अझ मजबुतीका साथ निरन्तरता दिने विश्वास व्यक्त गरे ।

# मकवानपुर र काभ्रे जोड्ने सिग्रेदोभान पुल वैशाखभित्र सम्पन्न गर्न निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मकवानपुर र काभ्रेपलाञ्चोक जिल्ला जोड्ने सिग्रेदोभान पक्की पुल आगामी वैशाखभित्र निर्माण सम्पन्न गर्न निर्देशन दिएका छन् ।



मकवानपुरको बागमती गाउँपालिका र काभ्रेको खानीखोला क्षेत्रमा निर्माणाधीन विकास आयोजनाको स्थलगत निरीक्षणका क्रममा वर्षौंदेखि अलपत्र अवस्थामा रहेको सिग्रेदोभान पुल वैशाखसम्म निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई उनले निर्देशन दिएका हुन् । बागमती-खानीखोला जोड्ने सिग्रेदोभान पक्की पुलको प्रगति बुझ्दै निर्माणक्षेत्रबाटै टेलिफोनमार्फत् मुख्यमन्त्री बानियाँले आगामी वैशाखभित्र जनमुक्ति मार्गअन्तर्गतको पुल निर्माण सम्पन्न गर्न प्रदेश सरकारले निर्माण कम्पनीका प्रतिनिधिलाई आवश्यक सबै प्रकारका सहयोग गर्ने बताए ।

मुख्यमन्त्री बानियाँले आयोजनाको स्थलगत अवलोकन गर्न पुगेका प्रदेश सरकार मातहतका पूर्वाधार कार्यालयका प्रमुखलाई पुल आगामी वैशाखसम्ममा सम्पन्न गर्ने गरी अगाडि बढाउन प्राविधिक लगायत योजनास्थलमा आवश्यक सहयोग र सहजिकरणका लागि निर्देशन दिएका थिए । मुख्यमन्त्री बानियाँले झुरझुरे-ज्यामिरे जोड्ने पक्की पुलको प्रगतिका बारेमा जानकारी लिँदै सार्वजनिक निर्माण कार्यमा देखिएको ढिलासुस्तीप्रति चासो र तोकिएको समयभित्र गुणस्तरीय काम सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिएका हुन् ।

विकास आयोजनाको निरीक्षणका क्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, खानीखोला गाउँपालिका अध्यक्ष इन्द्रबहादुर थिङलगायतको उपस्थिति थियो । मुख्यमन्त्री बानियाँले मकवानपुर जिल्लाको बागमती गाउँपालिका, काभ्रेको खानीखोला र महाभारतक्षेत्रमा सञ्चालनमा रहेको योजनाले स्थानीय जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने भन्दै निर्माणको कामलाई तीव्रता दिन आग्रह गरे ।

# कैलाशमा सकियो लैङ्गिकहिंसाविरुद्ध १६ दिने अभियान

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकामा लैङ्गिकहिंसाविरुद्ध १६ दिने अभियान सकिएको छ । प्रविधिको सही प्रयोग गरौं लैङ्गिकहिंसा अन्त्य गरौं भन्ने नाराकासाथ सुरु भएको अभियान समापन भएको हो ।

कैलाश-९ स्थित कालिका माविबाट सुरु भएको अभियान कैलाश-६ व्यास माविमा समापन गरिएको महिला बालबालिका तथा जेष्ठनागरिक शाखाप्रमुख रमिला सापकोटाले बताइन् । 'कक्षा ८ देखि १२ सम्मका विद्यार्थी लक्षित अभियान सञ्चालन गरेका थियौं, करिब पाँच सय विद्यार्थीलाई अभियानमा प्रत्यक्ष संलग्न गरियो' उनले भनिन् । वडा-२ मा रहेको कमलादेवी माविका अध्यक्ष चन्द्र सारुमगरको अध्यक्षता तथा सामाजिक विकास समितिका संयोजक एवम् वडा-२ का वडाध्यक्ष राजेन्द्र घिसिङको प्रमुख आतिथ्यतामा अभियान सञ्चालन गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष घिसिङले शिक्षा भनेको तेस्रो आँखा हुन्, शिक्षाबिना केही पनि गर्न नसक्ने बताए । बाल विवाहले विकराल रुप लिदैं गइरहेको अवस्थामा बालबालिकाले बालविवाह कानुनी अपराध हो भनेर बुझ्नुपर्ने उनले बताए । उनले बालविवाह मात्र नभई हाम्रो समाजमा प्रविधिको दुरुपयोगले हिंसाको घटना पनि बढिरहेको अवस्था रहेका बताए । सामाजिक सञ्जाल दुरुपयोगले विभिन्न हिंसाको शिकार बालबालिका रहिरहेकाले बालबालिका त्यसतर्फ सजग बन्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा महिला तथा बालबालिका शाखाप्रमुख रमिला सापकोटा, विद्यालयका रामयकवाल यादव, प्रशिक्षक आशिष दुलाल, विद्यालयका शिक्षकको आतिथ्यता रहेको थियो ।

सोमबारै कैलाश-६ स्थित व्यास माविका विद्यार्थीको सहभागितामा अभियान सञ्चालन गरी कार्यक्रम समापन गरिएको हो । विद्यालयका सहायक प्रअ प्रकाश परियार, शिक्षक प्रेमबहादुर नेगी लगायतको आतिथ्यता रहेको थियो ।



यसअघि कैलाश-१० मा रहेको रत्नज्योति मावि, कैलाश-३ को भवानी मावि र कैलाश-८ को धुवाङ माविका विद्यार्थीलाई प्रविधिको सहि प्रयोग गरौं लैङ्गिकहिंसा अन्त्य गरौं भन्ने भावका साथ कार्यक्रम सञ्चालन गरिएको शाखाप्रमुख सापकोटाले बताइन् ।

**१६ औं वार्षिक साधारण सभासम्बन्धी सूचना**

यस संस्थाको १६ औं वार्षिक साधारण सभा संचालक समितिको मिति २०८०।०७।१३ गतेको १३० औं बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित विषयहरुमा आवश्यक छलफल गरी उपयुक्त निर्णय गर्ने गरी निम्न लिखित मिति, समय र स्थानमा आयोजना गरिएको हुँदा सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरुलाई उक्त साधारणसभामा अनिवार्य उपस्थिती हुनको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिलः**

**(क) साधारण सभामा प्रस्तुत हुने विषयः**

- संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत संस्थाको प्रतिवेदन ।
- सचिवको तर्फबाट संस्थाको प्रतिवेदन ।
- कोषाध्यक्षद्वारा प्रस्तुत हुने लेखा परीक्षण तथा आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को अनुमानित वित्तिय विवरण सम्बन्धमा ।
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
- आ.व. २०८१/०८२ को लेखा परीक्षकको बित्तिय विवरण पारित गर्ने र आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
- माईन्यूट प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
- विविध सम्बन्धमा ।

**(ख) कार्यक्रमः**

- मितिः २०८२ साल मंसिर २९ गते शनिबार
- स्थानः पाञ्चायन साकोसको आफ्नै भवन, हेटौंडा-४
- समयः बिहान १०:०० बजे ।

गोकर्ण सुवेदी
सचिव

**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, मकवानपुर

# शिवम् सिमेन्टले दियो 'छात्रा' लक्षित छात्रवृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ शिवम् सिमेन्ट उद्योग लिमिटेडले स्थानीय विद्यालयमा अध्ययन गर्ने छात्रालाई लक्षित गर्दै छात्रवृत्ति प्रदान गरेको छ ।

हेटौंडा-१७ हटियास्थित उद्योग प्रभाबितक्षेत्रमा रहेको लक्ष्मी आधारभूत विद्यालयमा अध्ययनरत १०४ जना छात्राका लागि चालु शैक्षिकसत्रको विद्यालयले लिने शुल्क प्रदान गरेको हो । विद्यालय सञ्चालनका लागि विद्यालयले विद्यार्थीबाट लिदै आएको शैक्षिकसत्र मध्ये आठ महिनाको शुल्कबापत हुन आउँने १ लाख ७९ हजार ४ सय रुपैयाँ मंगलबार विद्यालय परिसरमा औपचारिक कार्यक्रम गर्दै हस्तान्तरण गरेको हो । उद्योगले विद्यालयमा छात्रवृत्ति वितरण कार्यक्रम गर्दै १७ नम्बर वडासदस्य लेखकुमारी तिमल्सिनाको उपस्थितिमा उद्योगका उपमहाप्रबन्धक राजेन्द्र शर्माले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इन्द्रप्रसाद नेपाललाई रकमको चेक हस्तान्तरण गरेका थिए ।

उद्योगले विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका छात्राका लागि छात्रबृत्ति व्यवस्थापन गरेको जनाइएको छ । विद्यालयमा अध्ययनरत छात्राका लागि उद्योगले दिएको छात्रावृत्तिले विद्यार्थीको मनोबल उच्च बनाउने बताउँदै प्रधानाध्यापक यदुदेव उपाध्याय सिग्देलले उद्योगले गरेको सहयोगप्रति धन्यवाद दिए । उनले २०६८ सालमा स्थापना भएको उद्योगसँग विद्यालयले आगामी शैक्षिकसत्रबाट पूर्ण छात्रबृत्तिको माग अघि सारेको जानकारी दिए । उनले भने 'प्रभावित क्षेत्रमा रहेको विद्यालयबारे बिशेष रुपले उद्योगले सोच्न जरुरी छ ।'

प्रधानाध्यपक सिग्देलले विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि वर्षमा कम्तिमा २ पटक स्वास्थ्यशिविर र स्वास्थ्य बीमा गराउन जरुरी रहेको बताए । उद्योगले यसअघि विद्यालयमा सामाजिक उत्तरदायित्व अनुसार कम्पाउण्ड वाल निर्माण, स्कुल बसको व्यवस्था, शैक्षिक उपकरण कम्प्युटर प्रिन्टर सहितको सहयोग गरेको जानकारी दिए ।

कार्यक्रममा उद्योगका प्रबन्धकहरु सुशीला दाहाल, कल्याण सुवेदी, नरबहादुर खत्री, उपप्रबन्धक मुकेश कुमार, बरिष्ठ अधिकृत रामकुमार कँडेलसहित स्थानीय दलका प्रतिनिधि तथा समाजसेवीको आतिथ्यता रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना